# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## राक्सिराङ्ग गाउँपालिका
## मकवानपुर

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## राक्सिराङ्ग गाउँपालिका

## मकवानपुर

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

राक्सिराङ्ग गाउँपालिका

मकवानपुर

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१ जेठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
बागमती प्रदेश

मितिः२०८१।०२।१४

प.सं. २०८०।८१

च.नं.१९९

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

राक्सिराङ्ग गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

मकवानपुर।

१. **कैफियत सहितको राय**- हामीले राक्सिराङ्ग गाँउपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.४ करोड ४९ लाख ५८ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.२ करोड ४९ लाख ११ हजार को प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ३८ लाख २० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १९ लाख ७४ हजार, नियमित गर्नुपर्ने रु. ९५ लाख ५६ हजार र पेश्की बाँकी रु. ४६ लाख ९६ हजार समेत गरी यस वर्ष रु.२ करोड ४६ हजार बेरुजू कायम रहेको छ ।

राक्सिराङ्ग गाउँपालिकाको गतवर्ष सम्म रु. ७ करोड ८ लाख १४ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.९ करोड ८ लाख ६० हजार रहेको छ ।**राक्सिराङ्ग गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।**

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने राक्सिराङ्ग गाँउपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी राक्सिराङ्ग गाँउपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(शंकर प्रसाद पन्थी)

**नायब महालेखापरीक्षक**

राक्सिराङ्ग गाउँपालिका,

मकवानपुर जिल्ला,

## १. चालु वर्ष२०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फर्स्योट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५५ | ६९ | ४४९५८ | ० | २३ | २४९११ | ५५ | ४६ | २००४६ | ३७२० | ९५५६ | २०७४ | ० | ० | १३५६५ | ४६९६ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फर्स्योट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मकवानपुर | ७०८१४ | ० | ० | ७०८१४ | ० | २००४६ | ९०८६० |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | ०७९।८० | २.७ | | ९७०९८७३ |
| २ | ०७९।०८० | २.८ | | ७६८८२९ |
| ३ | ०७९।०८० | २.९ | | २५२९००० |
| | ०७९।०८० | ४१ | | १२७५० |
| | ०७९।०८० | ४३ | | ३००००० |
| | ०७९।०८० | ४५ | | १२०००० |
| | ०७९।०८० | ६१ | | १९७००० |
| | ०७९।०८० | ६२ | | ११२७४०१६ |
| | चालु वर्षको जम्मा | | | २४९११४६८ |
| | गतविगतको जम्मा | | | ० |
| | कुल जम्मा | | | २४९११४६८ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरणतल उल्लेख गरिएको छ ।

# परिचय

१ **(क) कार्यालय परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडारहेको छ, ४७ सभा सदस्य तथा क्षेत्रफल २२६ वर्ग किलोमिटर तथा २६००० जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।८।२९ देखि २०८०।९।३ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । यस पालिकाको आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८०, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निक्यौंल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको

छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको आयतर्फ रु. ७३३४०३५७४ र व्ययतर्फ रु. ७३३१७८०७१ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१३९९५५१।४३ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| कार्यक्रम | वापत | रकम | मिति | दाखिला भएको बैंक |
|---|---|---|---|---|
| न्यायिकसमिति कार्यक्रम | बढीदरमाभत्ता भुक्तानी । | ८१६०/- | २०८०/०९/०३ | २०८०/०९/०३गते राजश्व शिर्षक नं.१५१११ ग्लोबलआइएमई बैंक राक्सिराङ्ग शाखा |
| अनुगमनसमिति भत्ता | अनुगमन | ४६४१०/- | २०८०/०९/०६ | २०८०/०९/०६गते राजश्व शिर्षक नं.१५१११ ग्लोबलआइएमई बैंक राक्सिराङ्ग शाखा |
| स्वास्थ्यबिमा कार्यक्रम | स्वास्थ्यबिमा कार्यक्रम सरिखेतस्वास्थ्य चौकी | २८५०००/- | २०८०/०९/०६ | २०८०/०९/०६गते आन्तरीक राजश्व आय खातामा अनुदान फिर्ता ग्लोबलआइएमई बैंक राक्सिराङ्गशाखा |
| स्वास्थ्यबिमा कार्यक्रम | स्वास्थ्यबिमा कार्यक्रम गणेशकुमार मोक्तान | ९००००/- | २०८०/०९/०६ | २०८०/०९/०६गते आन्तरीक राजश्व आय खातामा अनुदान फिर्ता ग्लोबलआइएमई बैंक राक्सिराङ्गशाखा |
| स्वास्थ्यबिमा कार्यक्रम | स्वास्थ्यबिमा कार्यक्रम | ३९००००/- | २०८०/०९/०६ | २०८०/०९/०६गते आन्तरीक राजश्व आय खातामा अनुदान फिर्ता |

| | | | | |
|---|---|---|---|---|
| | राक्सिराङ्गस्वास्थ्य चौकी | | | ग्लोबलआइएमई बैंक राक्सिराङ्गशाखा |
| स्वास्थ्यबिमा कार्यक्रम | स्वास्थ्यबिमा कार्यक्रम काँकडास्वास्थ्य चौकी | २४००००/- | २०८०/०९/०६ | २०८०/०९/०६गते आन्तरीक राजश्व आय खातामा अनुदान फिर्ता ग्लोबलआइएमई बैंक राक्सिराङ्गशाखा |
| स्वास्थ्यबिमा कार्यक्रम | स्वास्थ्यबिमा कार्यक्रम खैंराङ्गस्वास्थ्य चौकी | १६५०००/- | २०८०/०९/०६ | २०८०/०९/०६गते आन्तरीक राजश्व आय खातामा अनुदान फिर्ता ग्लोबलआइएमई बैंक राक्सिराङ्गशाखा |
| स्वास्थ्यबिमा कार्यक्रम | स्वास्थ्यबिमा कार्यक्रम देविटारआधारभुत स्वास्थ्य सेवा | १०५०००/- | २०८०/०९/०११ | २०८०/०९/११गते आन्तरीक राजश्व आय खातामा अनुदान फिर्ता ग्लोबलआइएमई बैंक राक्सिराङ्गशाखा |
| पारिश्रमिककर कट्टी | करकट्टानगरेको ४ जना | २८१५६।३ | २०८०/०९/०६ | २०८०/०९/०६गते राजश्व शिर्षक नं.१५१११ नेपाल बैंक लि.हेटौडा शाखा |
| सामाजिकसुरक्षा | बाँकीरकम फिर्ता गिर्खलाल प्रजा | ४१८२५।१३ | २०८०/०९/०५ | २०८०/०९/०६गते राजश्व शिर्षक नं.१५१११ नेपाल बैंक लि.हेटौडा शाखा |
| जम्मा | | १३९९५५१।४३ | | |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

### २ वित्तिय विवरणको परीक्षण

२.१ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

गाउँ कार्यपालिकाको कार्यालय, मकवानपुर
कार्यालयको कोड : ८०३३२५०७३००
वित्तीय प्रतिवेदन
आ.व. : २०७९/८० अवधी : २०७९/०४/०१ - २०८०/०३/३१

| प्राप्ती भुक्तानी हिसाव | | | | | |
|---|---|---|---|---|---|
| | यस वर्ष रु. | | | गतवर्ष रु. | |
| | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | ६९८९७२००८.०० | ५२५६६२६२८.१६ | ५२५६६२६२८.१६ | ४७५५१५३२३.१९ | ४७५५१५३२३.१९ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी) | ६८३२५६०००.०० | ५१४४०९३५१.१६ | ५१४४०९३५१.१६ | ४५८५८०६२७.१९ | ४५८५८०६२७.१९ |
| ११००० कर | ११८१७७०००.०० | १०३७३२२४७.५९ | १०३७३२२४७.५९ | १०८५७३७१५.२७ | १०८५७३७१५.२७ |
| १३००० अनुदान | ४३३४९९०००.०० | ३५६९२४३५०.६५ | ३५६९२४३५०.६५ | ३०९२२८४५०.८५ | ३०९२२८४५०.८५ |
| संघीय सरकार | ३४७७४१०००.०० | २८५९३३७०७.६५ | २८५९३३७०७.६५ | २६९१२६१२१.८५ | २६९१२६१२१.८५ |
| प्रदेश सरकार | ८५७५८०००.०० | ७०९९०६४३.०० | ७०९९०६४३.०० | ३९७१४३२९.०० | ३९७१४३२९.०० |
| अन्तरिक श्रोत | ०.०० | ०.०० | ०.०० | ३८८०००.०० | ३८८०००.०० |
| १४००० अन्य राजस्व | ६०१८००००.०० | ५३१३७१७४.९२ | ५३१३७१७४.९२ | ३९९६२४१७.०७ | ३९९६२४१७.०७ |
| १५००० विविध प्राप्ति | ४०००००.०० | ६१५५७८.०० | ६१५५७८.०० | ८१६०४४.०० | ८१६०४४.०० |
| ३२००० वित्तीय सम्पत्ति | ७१००००००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ख. अन्य प्राप्ति | १५७१६००८.०० | ११२५३२७७.०० | ११२५३२७७.०० | १६९३४६९६.०० | १६९३४६९६.०० |
| वितरण गर्न बाकी राजस्व | ०.०० | २५२९०००.०० | २५२९०००.०० | १३९९९३०४.०० | १३९९९३०४.०० |
| कोषहरु | १५७१६००८.०० | ५७४३९८७.०० | ५७४३९८७.०० | ०.०० | ०.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| धरौटी | ०.०० | २९८०२९०.०० | २९८०२९०.०० | २९३५३९२.०० | २९३५३९२.०० |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| भुक्तानी (ग+घ) | ६९८९७२००८.०० | ५१४९६०३३८.३२ | ५१४९६०३३८.३२ | ४६५२०९११८.३७ | ४६५२०९११८.३७ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ६८३२५६०००.०० | ५०४९८७६८७.३२ | ५०४९८७६८७.३२ | ४५९५३५९५०.३७ | ४५९५३५९५०.३७ |
| २१००० पारिश्रमिक / सुविधा | २०१४५५६३५.०० | १६४०७२०९४.१० | १६४०७२०९४.१० | १३७८२८७२७.७८ | १३७८२८७२७.७८ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १२०८६४१६५.०० | ८४५०२८०३.२२ | ८४५०२८०३.२२ | ६०३९१२०७.०० | ६०३९१२०७.०० |
| २५००० सहायता (Subsidy) | ४६८६००००.०० | २८९९९४५९.२५ | २८९९९४५९.२५ | ३३३७८०७८.९५ | ३३३७८०७८.९५ |
| २७००० सामाजिक सुरक्षा | १५६४१२००.०० | ९०५९६८७.०० | ९०५९६८७.०० | ५३९२०८५.०० | ५३९२०८५.०० |
| २८००० अन्य खर्च | ३२९०००००.०० | ७९४७५८.०० | ७९४७५८.०० | १९३६५५३९.०० | १९३६५५३९.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | २६५५३५०००.०० | २१७५५८८८५.७५ | २१७५५८८८५.७५ | २०३१८०३१२.६४ | २०३१८०३१२.६४ |
| घ. अन्य भूक्तानी | १५७१६००८.०० | ९९७२६५१.०० | ९९७२६५१.०० | ४६५२०९११८.३७ | ४६५२०९११८.३७ |
| कोषहरु | १५७१६००८.०० | ८१५३८९८.०० | ८१५३८९८.०० | ३०९७४८३.०० | ३०९७४८३.०० |
| धरौटी | ०.०० | १८१८७५३.०० | १८१८७५३.०० | २५७५६८५.०० | २५७५६८५.०० |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ङ. यो वर्षको बचत (न्युन) | | १०७०२२८९.८४ | १०७०२२८९.८४ | १०३०६२०४.८२ | १०३०६२०४.८२ |
| च. गतवर्षको जिम्मेवारी (अ.ल्या) | | १०५१९८७०७.२५ | १०५१९८७०७.२५ | १०५८९१८०६.४३ | १०५८९१८०६.४३ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | ११५९००९९७.०९ | ११५९००९९७.०९ | ११६१९८०११.२५ | ११६१९८०११.२५ |
| बैंक तथा नगद बाकी | | ११५९००९९७.०९ | ११५९००९९७.०९ | ११६१९८०११.२५ | ११६१९८०११.२५ |

२.२ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ८७५९५५६७, स्थानिय तह प्रशासकिय भवन निर्माण रु.११८०८९१७ र गरिवसँग विश्वेश्वर कार्यक्रमको रु.२८३८४० समेत गरी रु. ९९६८८३२४।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.३ **फरक हिसाब —** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रु. २०७७४०९५३ ,यस वर्षको भुक्तानी रु. २१८२१७७३८ र बैङ्क मौज्दात रु. ५२२५१९ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

**आयव्ययविवरण**
**आ.व२०७९।८०**
**राक्सिराङ्ग गाउपालिका मकवानपुर**

| | | आम्दानी तर्फ | | खर्च तर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | | रकम | रकम | सि. नं | विवरण | | रकम |
| १ | गत आ.ब. को जिम्मेवारी | | ११६१९८०११.२५ | १ | चालु खर्च | | ३८३४६२१०६.५७ |
| | १) स्थानीय तह सञ्चित कोष ग-४-१ | ८७६६६५८३.४२ | | | संघीय सरकार समानिकरण अनुदान | २०२४९९०७.०० | |
| | क) समानिकरण अनुदान संघीय सरकार | २८२४७८४६.३६ | | | संघीय सरकार शसर्त अनुदान | १५४३१०२९९.९० | |
| | ख) समानिकरण अनुदान प्रदेश सरकार | ३७७९६९१.०० | | | संघीय सरकार विषेश अनुदान | ७६९८३२८.०० | |
| | ग) संघीय सरकार राजश्व बाँडफाँड | २१९४४६८३.४५ | | | प्रदेश सरकार समानिकरण अनुदान | ३९४३८५२.०० | |
| | घ) प्रदेश सरकार राजश्व बाँडफाँड | ५७३७५६५.२० | | | प्रदेश सरकार शसर्त अनुदान | ६५७१९१७.०० | |
| | ङ) स्थानीय राजश्व बाँडफाँड | ५१६९८०८.०० | | | प्रदेश सरकार विषेश अनुदान | १३२२४०६९.०० | |
| | च) आन्तरीक श्रोत | २२७८६९८९.४१ | | | संघीय सरकार राजश्व बाँडफाँट | ५२२०७९१६.८२ | |
| | २) स्थानीय तह विभाज्य कोष खाता | १३९९९३०४.०० | | | प्रदेश सरकार राजश्व बाँडफाँड | ७५१८४३९.०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ३) प्रकोप व्यवस्थापन कोष खाता | ३६२५९८८.८३ | | | स्थानीय राजश्व बाँडफाँड | ४६०१०१५.०० | |
| | ४) कर्मचारी कल्याण कोष | ३५१६००८.०० | | | आन्तरीक श्रोत | १७१०३०५७.८५ | |
| | ५) स्थानीय तह धरौटी खाता | ७३९०१२७.०० | | | कर्मचारी कल्याण कोष | ६०००.०० | |
| २ | राजश्व (आन्तरीक आय) | | २०३६७३९६१.५१ | | प्रकोप/विपद व्यवस्थापन कोष | ५४८५३२५.०० | |
| | क) आन्तरीक राजश्व | १२००५३०४.७० | | | मर्मत सम्भार कोष | २१६२५७३.०० | |
| | ख) राजश्व बाँडफाँड | १४५४७९६९५.८१ | | | अन्य/ बेथानी नमुना विद्यालय | ५०००००.०० | |
| | ग) विभाज्य कोष | ४६१८८९६१.०० | | | सामाजिक सुरक्षा | ८७५९५५६७.०० | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | ३३२०३६५००.०० | | गरिबसँग विश्वेश्वर | २८३८४०.०० | |
| | क) वित्तिय समानिकरण अनुदान | ९९६२२५००.०० | | २ | पुँजिगत खर्च | | २२९३६७८०२.७५ |
| | ख) सशर्त अनुदान | २०५४१४०००.०० | | | संघीय सरकार समानिकरण अनुदान | ७३७३७००१.०० | |
| | ग) समपुरक अनुदान | १२००००००.०० | | | संघीय सरकार शसर्त अनुदान | १२९३१५०१.७५ | |
| | घ) विशेष अनुदान | १५००००००.०० | | | संघीय सरकार विषेश अनुदान | ४९६३८५०.०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | वित्तिय हस्तान्तरण प्रदेश | | ८५७५८०००.०० | | संघीय सरकार समपुरक अनुदान | ६४०७२२८.०० | |
| | क) वित्तिय समानिकरण अनुदान | ९६९००००.०० | | | प्रदेश सरकार समानिकरण अनुदान | २७७२५५९.०० | |
| | ख) सशर्त अनुदान | ३१०६८०००.०० | | | प्रदेश सरकार शसर्त अनुदान | १५६४१२४४.०० | |
| | ग) समपुरक अनुदान | ३००००००००.०० | | | प्रदेश सरकार समपुरक अनुदान | २५८६३४१३.०० | |
| | घ) विशेष अनुदान | १५००००००.०० | | | संघीय सरकार राजश्व बाँडफाँट | २७३४९७९५.०० | |
| ५ | अन्तर सरकारी अख्तियारी | | ९९६८८३२४.०० | | प्रदेश सरकार राजश्व बाँडफाँड | ७६५१७५.०० | |
| | क) सामाजिक सुरक्षा | ८७५९५५६७.०० | | | स्थानीय राजश्व बाँडफाँड | ३१५६६४०.०० | |
| | ख) गरिबसँग विश्वेश्वर | २८३८४०.०० | | | आन्तरीक श्रोत | ४३९७०४७९.०० | |
| | ग) स्थानीय तह प्रशासकीय भवन | ११८०८९१७.०० | | | स्थानीय तह प्रशासकीय भवन | ११८०८९१७.०० | |
| ६ | अन्तर स्थानिय तहबाट प्रास | | ५०००००.०० | ३ | धरौटी फिर्ता खर्च | | १८१८७५३.०० |
| | क) हे.उ.म.न.पा. बेथानी | ५०००००.०० | | ४ | अनुदान फिर्ता खर्च | | ६०८७०१४९.३५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | नमुना विद्यालय | | | | | | |
| ७ | विभिन्न कोष तर्फको आय | | ८२४३९८७.०० | ५ | विभाज्य कोष बाँडफाड | | ५७६५९२६५.०० |
| | क) कर्मचारी कल्याण कोष | ३६०००.०० | | ६ | बैंक मौज्दात | | ११६४२३५१६.०९ |
| | ख) प्रकोप/विपद व्यवस्थापन कोष | ४००००००.०० | | | १) स्थानीय तह सञ्चित कोष ग-४-१ | ९७०८८२४७.२६ | |
| | ग) मर्मत सम्भार कोष | ४२०७९८७.०० | | | क) समानिकरण अनुदान संघीय सरकार | ५६३५५९२.०० | |
| ८ | धरौटी आय | | ३५०२८०९.०० | | ख) समानिकरण अनुदान प्रदेश सरकार | २९७३५८९.०० | |
| | क) स्थानीय तह धरौटी खाता ग-३ | २९८०२९०.०० | | | ग) संघीय सरकार राजश्व बाँडफाँड | १६५९५३८५.३६ | |
| | ख) कोलेनिका धरौटी खाता | ५२२५१९.०० | | | घ) प्रदेश सरकार राजश्व बाँडफाँड | ८८२३९६१.६३ | |
| | | | | | ङ) स्थानीय राजश्व बाँडफाँड | २४४६१३६८.०० | |
| | | | | | च) आन्तरीक श्रोत | ३८५९८३५१.२७ | |
| | | | | | २) स्थानीय तह विभाज्य कोष खाता | २५२९०००.०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ३) प्रकोप व्यवस्थापन कोष खाता | २१४०६६३.८३ | |
| | | | | | ४) कर्मचारी कल्याण कोष | ३५४६००८.०० | |
| | | | | | ५) मर्मत सम्भार कोष खाता | २०४५४१४.०० | |
| | | | | | ६) धरौटी खाता | ९०७४१८३.०० | |
| | | | | | क) स्थानीय तह धरौटी खाता ग-३ | ८५५१६६४.०० | |
| | | | | | ख) कोलेनिका धरौटी खाता | ५२२५१९.०० | |
| | जम्मा | | ८४९६०१५९२.७६ | | जम्मा | | ८४९६०१५९२.७६ |

**तुलना**

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ११,६१,९८,०११.२५ | ५२,५६,६२,६२८.१६ | ५१,४९,६०,३३८.३२ | ११,५९,००,९९७.०९ |
| एकीकृत आर्थिक विवरणअनुसार | ११,६१,९८,०११.२५ | ७३३४०३५८१.५१ | ७३३१७८०७६.६७ | ११६४२३५१६.०९ |
| फरक | ०. | -२०७७४०९५३ | -२१८२१७७३८ | -५२२५१९ |

२.४ सुत्र अनुसार गत वर्षको वाकि मौज्दात् रु ११,६१,९८,०११.२५ रहेकोमा यस वर्ष रु १०,५१,९८,७०७.२५ जिम्मेवारी सारेको छ । यसरी घटी जिम्मेवारी सारेको रु १०९९९३०४।०० का सम्वन्धमा पालिकाले यकिन गर्नुपर्दछ ।

२.५ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता भन्दा बैङ्क मौज्दात बढी देखिएको छ । यस सम्वन्धमा पालिकाले यकिन गर्नुपर्दछ ।

| खाताको नाम | श्रेस्ता अनुसार २०८० असार मसान्तको बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०८० असार मसान्तको बाँकी |
|---|---|---|
| सञ्चित कोष | ९७०८८२४७ | ९७०८८२४७ |
| चालु खाता | ० | ३८४७७३८६ |
| पूँजीगत खाता | ० | २२३९२७६३ |
| मर्मत खाता | २०४५४१४ | २०४५४१४ |
| कल्याण कोष तथा विविध कोष खाता | ३५४६००८ | ३५४६००८ |
| प्रकोप व्यवस्थापन कोष खाता | २१४०६६४ | २१४०६६४ |
| विभाज्य कोष खाता | २५२९००० | २५२९००० |
| धरौटी खाता | ८५५१६६४ | ८५५१६६४ |

२.६ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर) -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु. ३८४७७३८६, पुँजीगत खातामा रु.२२३९२७६३ रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

२.७ **प्रदेश समपुरक अनुदान फिर्ता**

**✂ .............. (प्रारम्भिक प्रतिवेदनउपर समपुरक अनुदान फिर्ताको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२१ को निर्णयबाट रु. ९७०९८७३ सम्परीक्षण गरिएको ।**

२.८ **मेताङसी कोखारी गैजुराङ सडक निर्माण**

**✂ .............. (प्रारम्भिक प्रतिवेदनउपर मेताङसी कोखारी गैजुराङ सडक निर्माणका लागी सम्झौता अनुसार संघीय सरकार र प्रदेश सरकारलाई फिर्ता गर्नु पर्ने रकमको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२१ को निर्णयबाट रु. ७६८८२९ सम्परीक्षण गरिएको ।**

२.९ **राजस्व बाँडफाँड विवरण**

**✂ ............. (प्रारम्भिक प्रतिवेदनउपर स्थानीय तहले विनियोजन ऐन २०७९ तथा आर्थिक ऐन २०७९ बमोजिम असुल गरेको राजश्व संघीय सरकार र प्रदेश सरकारलाई बाँडफाड गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२१ को निर्णयबाट रु. २५२९००० सम्परीक्षण गरिएको ।**

३ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण निर्देशिका तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो निर्देशिका तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छनः

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यून तम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई समयमै दिएको पाइएन ।

• पालिकाले २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनुपर्नेमा अधिकांशतः पालना भएको पाईएन ।

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

• कुनै रकमको भुक्तानी दिंँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• पालिकाले कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्वन्धमा कुनै मापदण्ड बनाएको छैन । कन्टेन्जेन्सी रकम मध्ये दैनिक भ्रमण भत्ता र गाडी भाडामा अत्याधिक खर्च गर्ने गरेको छ । दैनिक भ्रमण भत्ता खर्च गरेकोमा भ्रमण अभिलेख खाता राखेको र भ्रमण प्रतिवेदन दिने गरेको छैन ।

•शिर्षक फरक पारी खर्च लेख्ने नगरेको

उपर्युक्तानुसार स्थिति देखिँदा पालिकाको आन्तरिक नियन्त्रण निर्देशिका जारी गरी आन्तरिक नियन्त्रण प्रणाली तत्काल कायम हुने गरी सुदृढ खरिद व्यवस्थापन, समग्र वित्तीय कारोवारको लेखांकन एवं प्रतिवेदन गरी प्रतिस्पर्धी, पारदर्शी र मितव्ययी कारोवार गर्न गराउन तोकिए बमोजिम प्रभावकारी र विश्वाशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउन आवश्यक देखिन्छ ।

## ४ पालनाको लेखापरीक्षण

४.१ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

४.२ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

४.३ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।२८ मा रु.६८ करोड ३२ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।२८ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।४।५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

४.४ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

४.५ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ९ वडाको लागि वडागत र पालिकास्तरका कुल १९६ योजनामा वजेट कार्यान्वयन गरेको छ।

| कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना | रु.५ लाखदेखि २० लाख सम्मका योजना | रु.५लाखभन्दा कमका योजना |
|---|---|---|---|---|
| पालिकास्तरीय | ७० | ६ | ५३ | ११ |
| वडास्तरीय | १२६ | ० | १० | ११६ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

४.६ **लक्ष्य प्रगति -** कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार गरिनुपर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | ६८८ | १५८ | १३ | ३३ | ४४ |

उल्लेखित तालिका अनुसार कुल कार्यक्रम ६८८ मध्ये १५८ योजनामा शुन्य प्रतिशत प्रगति भएको पाईयो । कार्यान्वयन हुने योजनामा मात्र वजेट विनियोजन गरी कार्यसम्पादन तथा विकास निर्माणमा जोड दिनुपर्दछ ।

४.७ **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरीद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले उपभोक्ता समिति समेतको विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२२९३६७८०२ पूँजीगत खर्च/खरीद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

४.८ **क्षेत्रगत बजेट र खर्चको स्थिति-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | जम्मा खर्चको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४,८७,००,०००.०० | ३,६९,७०,११५.०० | ७ |
| २ | पूर्वाधार विकास | २२,६७,२०,०००.०० | १८,४४,६३,६२७.७५ | ३७ |
| ३ | सामाजिक विकास | २५,९०,९४,०००.०० | २०,६८,०५,३८०.७५ | ४१ |
| ४ | बातावरण तथा विकास | - | - | - |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २,४६,८७,०००.०० | १,८३,६९,१४६.०० | ४ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १२,४०,५५,०००.०० | ५,८३,७९,४१७.८२ | १२ |
| जम्मा | | ६८३२५६०००. | ५०४९८७६८७.३२ | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४१ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटी अर्थात् ४ प्रतिशत रहेको छ । पालिकाले प्राथमिकताका क्षेत्र तोकि वजेट विनियोजन तथा खर्च गर्नुपर्दछ ।

५ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

६ **कानून र सञ्चालन स्थिति -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २१ वटा ऐन, ५ वटा नियमावली ५१ कार्यविधि लगायत ९६ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि केहि कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

७ **खर्च बिश्लेषण -** पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.१२००५३०४।७० राजस्व बाँडफाँडवाट रु.१४५४७९६९५।८१ र अनुदानबाट रु.४१७७९४५०० समेत रु.७३३४०३५८१।५१ आम्दानी भएकोमा चालु तर्फ रु.२८७४२८८०१।५७ र पूँजिगत तर्फ रु.२१७५५८८८५।७५ र वित्तीय ब्यबस्था तर्फ रु.२२८१९०३८९।३५ समेत रु.७३३१७८०७६।६७ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.६४ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.६८०४००० खर्च भएको छ जुन आन्तरिक आयको ९३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ३९ प्रतिशत चालु र ३० प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

८ **पदाधिकारी सुविधा -** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची—२ बमोजिम पद तथा

गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानित सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गतेबाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जस अनुसार बाग्मति प्रदेश सरकारले स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐनको प्रथम संशोधन गरी राजपत्रमा प्रकाशन गरेको उक्त स्थानीय तहका पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूची १ मा उल्लेख भएको सूविधामा रु ६८ लाख ०४ हजार खर्च लेखेको देखिन्छ।

९ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४६ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २८ जना पदपूर्ती भएको देखिन्छ । जम्मा ९ वडा मध्ये ७ वडा सचिवको पद रिक्त रहेकोमा अन्य सेवाका पशु तथा कृषि प्राविधिकलाई कार्यपालिकाको निर्णयवाट वडा सचिवको जिम्मेवारी दिएको पाईयो । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका शिक्षा अधिकृत, प्रशासन तथा लेखा अधिकृत, इन्जिनियर सहित १८ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१० **दरवन्दि वाहिरका पदमा कर्मचारी करार-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यसै गरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, 'चौकिदार÷, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । त्यस्तै बागमती प्रदेश "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १६(१) स्थानीय सेवाका कर्मचारी गनुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्त गर्न नपाइने उल्लेख छ ।तर पालिकाले पेश गरेको विवरणअनुसार प्रदेश तथा संघीय सशर्त अन्तर्गत असिस्टेन्ट सव ईन्जिनियर जम्मा ६ पद रहेकोमा जम्मा ८ जना असिस्टेन्ट सव ईन्जिनियर कार्यरत रहेको अर्थात् दरवन्दि भन्दा बढी असिस्टेन्ट सव ईन्जिनियर २ जनालाई विगत ६ वर्ष देखि नै करारमा राखि रु ७७४००० खर्च लेखेको र सह लेखापाल पदको दरवन्दि नै नरहेकोमा मिति २०६९।४।१ देखि नै १ जनालाई करार सम्झौता गरेकोमा यस वर्ष समेत करार नविकरण गरी रु३८७००० खर्च लेखेको जनाएको छ । यस वर्ष उल्लेखित पदमा जम्मा रु.११६१०००।०० खर्च लेखेको नियमसम्मत नदेखीएको रु

| | |
|---|---|
| अनियमित भएको | ११,६१,००० |

११ **विमा नगरेको-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा उल्लेख भएकोमा बाहेक बीस लाख रुपैयाँ भन्दा बढीको निर्माण कार्य गर्दा विमा गराउनु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारका योजनाहरु निर्माण गर्न व्यवस्था गरिएका कार्यहरुमा व्यक्तिगत दुर्घटना, उपकरण र गरिने कामको वीमा गर्नुपर्नेमा निर्माण व्यवसायीले गर्ने काममा विल अफ क्वाण्टिटिमा विमा व्यवस्था गरेपनि उपभोक्ता समितिहरुले गर्ने कुनै पनि काममा विमा सम्बन्धी प्रावधान नै राखेको देखिएन । निर्माण कार्यको जोखीम न्यूनीकरणमा असर पर्न नदिन नियम वमोजिम वीमा गराउने कार्य अनिवार्य गर्नुपर्दछ ।

| उपभोक्ता समितिमार्फत् भएका काम | | | |
|---|---|---|---|
| योजनाको नाम | लागत अनुमान | गा.पा. श्रोत | भुक्तानी |
| तर्लिङ भिम्बुङ ट्रायक ओपन | २२१७७१४ | २०००००० | १८९८६८१ |
| दुईचोक डाडा पर्यटन प्रवर्द्धन पूर्वाधार निर्माण | २२१९१२९ | २०००००० | १८६७४६८ |
| कोलगैरी देखी नेवारपानी गुम्बा जोड्ने सडक स्तरोन्नती (प्रदेश शसर्त अनुदान) | ५५०२१८० | ५०००००० | ४७०६९४२ |
| देवकोट आलखोप केराबारी थुम्की भाट्टी सानुभबर कोहलगैरी सडक राक्सिराङ्ग | ५५०१४३० | ५०००००० | ४६६८५६४ |
| आधारभुत स्वास्थ्य केन्द्र तथा बस्ती बचाउ तटबन्धन,राक्सिराङ्ग-१ | २७५४९०६ | २५००००० | २२६७६९० |
| योङरोक गाईबाङ जुरेथुम खानेपानी आयोजना,राक्सिराङ्ग-७ | २७५०८५२ | २५००००० | २३७५००० |
| बगर खेती चेपाङ आयआर्जन प्रबद्धन कार्यक्रम योजना | ६०५२३६२ | ५५००००० | ५०९८९७६ |
| गार्खा सडक निर्माण योजना | २४२१६९९ | २२००००० | २०९०००० |

| निर्माण व्यवसायीमार्फत् भएका काम | | | | | |
|---|---|---|---|---|---|
| ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायी | लागत अनुमान | बिमा प्रोभिजन रकम | कैफियत |
| RAK/BLDG/NCB-22/77-78 | Construction of 10 Bed Hospital | M/S Lama Baniya J V | ५९८५८५७१ | ७००००० | रनिङ योजना |

| | | | | | |
|---|---|---|---|---|---|
| RAK/ROAD/NCB-3/78/79 | Upgrading of Devitar Pangthali Silinge Sadak | M/S Shikhar Engieering Construction Pvt. | १६९४०४२६ | १००००० | रनिङ्ग योजना |
| BLD/05/076/77 | Health Post Building Construction Raksiraang | M/S Tamang Construction | ३७४६५१० | २०००० | कार्य सम्पन्न |

१२ **प्रोग्राम अपडेट** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को नियम ६ ख मा निर्माण व्यवसायीले खरिद सम्झौताको शर्त वमोजिम कार्यसम्पन्न नगरेमा भुक्तानी नदिने उल्लेख छ । ठेक्का सम्झौताको General condition of contract अन्तर्गत Scc को Gcc 34.1-34.3 मा निर्माण व्यवसायिले कामको तोकिएको दिनमा Program Update पेश गर्नुपर्ने अन्यथा प्रोग्राम अपडेट वापतको रकम कट्टा गर्ने व्यवस्था छ । पालिकाले देहायका ठेक्कामा निर्माण व्यवसायिसँग भएको ठेक्काको प्रोग्राम अपडेट पेश नभएकोले सम्वन्धित निर्माण व्यवसायिवाट असुल हुनुपर्ने रु

| ठेक्का न. | योजनाको नाम | निर्माण व्यवसायी | प्रोग्राम अपडेट अवधि | प्रोग्राम अपडेट रकम |
|---|---|---|---|---|
| PRO/RAK/NCB/02-79/80 | Construction of Metangsi-Kokhari-Gaijurang Sadak | Rojina-Susan-Hkm JV | ६० दिन | २५००० |
| PRO/RAK/NCB/03-79/80 | Procurement of Jalpari Jharna Paryatan Chhetra Bikash | M/s Santra Construction Pvt. Ltd. | ३० दिन | २५००० |
| RAK/BLDG/NCB-16/77-78 | Procurement of Construction Of Chepang Museum | M/S Baniya -Sundar Nepal J.V | ६० दिन | १०००० |
| RAK/ROAD/NCB-4/078-079 | Dungu Athare Dantar Sadak | M/S Kastamandap Aajiwan J.V | ६० दिन | १०००० |
| RAK/BLDG/NCB-13/77-78 | Procurement of Construction of Administrative Building | M/S Jayamata Engineering Construction Pvt. Ltd. | ६० दिन | १०००० |
| RAK/BLDG/NCB-22/77-78 | Procurement of Construction of 10 Bed Hospital | M/S Lama Baniya J V | ६० दिन | १०००० |
| RAK/ROAD/NCB-3/78/79 | Procurement of Upgrading of Devitar Pangthali Silinge Sadak | M/S Shikhar Engieering Construction Pvt. Ltd. | ६० दिन | १०००० |
| | | जम्मा | | १००००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,००,००० |

१३ **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

१४ **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क शिर्षक कायम नगरेको र सिफारिस दस्तुर जनाई आम्दानि लेख्ने गरेको छ ।यसवाट व्यवसाय दर्ता तथा नवीकरणवापत कर सङ्कलन गरेको जनाएकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ भन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

१५ **राजश्व अभिलेख -** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । अतः पालिकाले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापनमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।

१६ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ५१७४८२८२४ | १२००५३०४ | २.३२ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.३२ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१७ **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| राजस्व उपशीर्षक | अनुमानित बजेट | प्राप्त रकम रु. |
|---|---|---|
| ११३१३ एकीकृत सम्पती कर | ५०,०००.०० | ५,५०६.०० |
| ११३१४ भुमिकर/मालपोत | ५,००,०००.०० | ८,२६,५९४.२० |
| ११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर | ५,००,०००.०० | १६,०३,४८४.०० |
| ११३२१ वहाल कर | ५,००,०००.०० | ९,६६,८८७.०० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | १०,६६,१७,०००.०० | ६,६९,८५,६००.४१ |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | ०.०० | १,६१,७९,४००.३५ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १,००,००,०००.०० | १,७१,०७,५७५.६३ |
| ११६९१ अन्य कर | १०,०००.०० | ५७,२००.०० |
| जम्मा कर राजस्व | ११,८१,७७,०००.०० | १०,३७,३२,२४७.५९ |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | १,००,०००.०० | ८९,९१३.०० |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | १०,००,०००.०० | ७,०४,७७४.७१ |
| १४१५४ बाँडफाँड भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | ४५,००,०००.०० | १,२२,८३,३२१.७१ |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रि}बाट प्राप्त हुने आय | ५,००,००,०००.०० | ३,०६,१५,५३९.०० |
| १४१५९ अन्य स्रोतबाट प्राप्त रोयल्टी | २५,००,०००.०० | ०.०० |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | ०.०० | ४,१७,६२९.०० |
| १४२२४ परीक्षा शुल्क | १०,०००.०० | ६५,६००.०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ५,००,०००.०० | १,८७,३३५.०० |
| १४२४३ सिफारिश दस्तुर | ६,००,०००.०० | ४,४५,०४७.०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ३,००,०००.०० | ३,०१,२००.०० |
| १४२४९ अन्य दस्तुर | १,००,०००.०० | २,४०,४९९.०० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ५०,०००.०० | ३२,१००.०० |
| १४२६५ अन्य क्षेत्रको आय | १०,०००.०० | १२,१२,४३६.५० |
| १४३११ न्यायिक दण्ड, जरिवाना र जफत | १०,०००.०० | २,७३,०००.०० |

| | | |
|---|---|---|
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | ५,००,०००.०० | ६२,६८,७८०.०० |
| जम्मा गैर कर राजस्व | ६,०१,८०,०००.०० | ५,३१,३७,१७४.९२ |
| जम्मा आन्तरिक राजस्व | १७,८३,५७,०००.०० | १५,६८,६९,४२२.५१ |

कुल जम्मा आन्तरिक राजस्व अनुमानको तुलनामा ८७ प्रतिशत जनाएको छ । पालिकाले व्यवसाय कर समेत सिफारिस तथा अन्य राजस्वमा जनाउने गरेको तथा पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

१८ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित भन्दा बढी आय प्राप्त गरेको छ भने एकिकृत सम्पत्ति कर लगातयमा अनुमानको आधारमा कम राजस्व संकलन भएको छ । राजस्व प्रक्षेपणलाइ यथार्थपरक बनाइ राजस्व संकलन र सोको परिचालन व्यवस्थित गर्नुपर्दछ ।

| राजस्व उपशीर्षक | अनुमानित बजेट | प्राप्त रकम रु. |
|---|---|---|
| ११३१३ एकीकृत सम्पती कर | ५०,०००.०० | ५,५०६.०० |
| ११३१४ भुमिकर/मालपोत | ५,००,०००.०० | ८,२६,५९४.२० |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | ५,००,०००.०० | १६,०३,४८४.०० |
| ११३२१ वहाल कर | ५,००,०००.०० | ९,६६,८८७.०० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | १०,६६,१७,०००.०० | ६,६९,८५,६००.४१ |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | ०.०० | १,६१,७९,४००.३५ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १,००,००,०००.०० | १,७१,०७,५७५.६३ |
| ११६९१ अन्य कर | १०,०००.०० | ५७,२००.०० |
| जम्मा कर राजस्व | ११,८१,७७,०००.०० | १०,३७,३२,२४७.५९ |

१९ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार सुत्रको त्रैमासिक खर्च विवरणअनुसार पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । रु हजारमा

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुंजीगत खर्चतर्फ | २१७५५८८८५ | १३९१०४ | ९७६९०५२ | ८५५९९७७१ | १२२०५०९५८ | ५२७८४६२१ |
| प्रतिशत | १०० | ०.०६ | ४ | ३९ | ५६ | २४ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. २१७५५८८८५निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. १३९१०४ (०.०६ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. ९७६९०५२ (४ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. ८५५९९७७१ (३९ प्रतिशत) र चौथो त्रैमासिकमा रु१२२०५०९५८ (५६ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ५२७८४६२१ (२४ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

२० **प्राविधिक बिल र कार्य सम्पन्न** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

२१ **संञ्चालन कार्यविधि तयार नगरेको** - पालिका अन्तर्गत विभिन्न हाईड्रोपावर मर्मत तथा संचालनवापत श्रोत व्यवस्थापन भएपश्चात् कार्यान्वयन गरिने योजना अन्तर्गत कोखारी पेल्ट्रिक सेट खरिद योजनाको लागी रु २९५०८८ लाख वजेट विनियोजन गरेको छ । हाईड्रोपावर मर्मत तथा कुलो निर्माण गर्न उपभोक्ता समितिलाई रकम उपलव्ध गराएकोमा समितिले सेवा लिएवापत के कति रकम तिर्नुपर्ने हो सो को व्यवस्थापन सम्वन्धि कार्यविधि तयार गरी संचालन गर्नुपर्नेमा संचालन कार्यविधि तयार गरेको नदेखिदा कार्यविधि तयार गरी हाईड्रोपावर मर्मत तथा संचालनको सुनिश्चितता गर्नुपर्दछ ।

२२ **काम सम्पन्न पश्चात् विमा भएको -** आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने विल, भरपाई , प्रमाण र कागजात संलग्न राखी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराइ खर्च गर्नुपर्ने ब्यवस्था छ । पालिकाले यसरी योजनाको लागत अनुमान तथा सम्झौतामा विमाको व्यवस्था गरी भुक्तानी गर्दा कामको सुरुमा विमा नभएको तर कार्यसम्पन्न पश्चात् विमा सुरु भएको कागजात संलग्न गरी भुक्तानी दिएको आधारमा भुक्तानी दिन नमिल्ने देखिएकोले सो भुक्तानी रकम सम्वन्धित निर्माण व्यवसायिवाट असुल गर्नुपर्ने रु.

| गो भौ नं | योजना | निर्माण व्यावसायी | हालसम्म भुक्तानी | विमा प्रोभिजन | विमा रकम | विमा सुरु मिति | नापि तथा कार्यसम्पपन्न मिति |
|---|---|---|---|---|---|---|---|
| ३४४।३।२४ | दामन डाँडावास खैराङ्ग काँकडा भण्डारा सडक अन्तर्गत मेताङ्गति कोखारी गैजुराङ्ग सडक खण्ड नयाँ ट्र्याक खोल्ने काम | रोजिना सुसन एच के एम जे भि | २२८२६०३१ | २००००० | १०८६७७ | २०८०।३।२२ | २०८०।३।२२ |
| - | जलपरी झरना पर्यटन क्षेत्र विकास योजना | सान्ट्रा कन्स्ट्रक्सन प्रा लि | १२८००५५५ | १५०००० | ५९०९९+१४०३० =७३१२९ | २०८०।३।१९ | २०८०।३।२३ |
| | | | | जम्मा | १८१८०६ | | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८१,८०६ |

२३ **बर्षान्तमा रकमान्तर**- स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा(३) अनुसार पालिकाले सभावाट स्वीकृत बजेट तथा कार्यविधिको परिधि भित्र रही प्रचलित कानून बमोजिम खर्च गर्न सकिने व्यवस्था गरेको छ। तदनुरुप पालिकाले यस ऐन अनुसार स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रहि तोकिएको कार्यक्रम सञ्चालन गर्नुपर्नेमा यस पालिकाले २०७९ आषाढमा आर्थिक वर्ष ०७९।८० को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्य सञ्चालन नगरी यस गाउँपालिकाको कार्यपालिकाको निर्णयवाट विभिन्न ४२ योजनाको रु२१७६९०००।०० रकमान्तर घट गरी सो रकम विभिन्न ५१ योजनमा बजेट वृद्धि गरी रु २०३०३०००।०० खर्च गरेको र आ व २०८०।८१ को वजेट पारित गर्दा विगतमा भएका कार्यपालिकाका सम्पुर्ण निर्णयहरु गाउँसभाले एकमुष्ट अनुमोदन गरेको पाईयो । यसरी शुरुमा स्वीकृत कार्यक्रममा खर्च नगरी वर्षान्तमा बजेट फ्रिज नगर्न शिर्षक परिवर्तन गरी भुक्तानी खर्च लेखेको नियम सम्मत भएको देखिएन ।

२४ **खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले विविध खर्च शिर्षकबाट यस वर्ष कूल रु १५६१६६३/- खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

२५ **खर्चमा मितव्ययीता** - पालिकाले गाउपालिका अध्यक्षको लागी सेरीसा मोवाईल हववाट रु ७६१८९।०० को ट्याव खरिद तथा मेरिडियन आई टी प्रा लि वाट रु ९२०००।०० को २ समेत जम्मा ३ वटा ट्याव को रु १६८१८९।०० खरिद गरेको छ । यस प्रकारको खर्चमा मितव्ययीता कायम हुनुपर्दछ ।

२६ **डि.पि.आर खर्च** - बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

| डि पि आर गरेको योजना | परामर्शदाता | परामर्श रकम (भ्याटसहित) | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत रकम |
|---|---|---|---|
| Detail Architectural and Engineering design, topographical survey cost estimation and DPR Preparation of Ward Offce Building at ward 1 to 9RFPNo. 02/RRM/RFP/01/079/080 | M/S Civil Works Engineering Services Pvt. Ltd. | ५९८२७८ | २७९३१५११ |
| Preparation of Master Plan & DPR For Chuli Danda Yangla Raskirang Bibhuti Park | M/S Centaur Engineering Services Pvt. Ltd. | २९८३०५ | ३३२६७३२२ |

| | | | |
|---|---|---|---|
| Feasibility Study, Detail Survey and Detail Engineering Estimate of न्याउरी डाँडा पखेटार तारेभिर बोल्वो संरक्षण तामाङ्ग पार्क | M/S Binayak Engineering Services Ltd. | ३९८४२३ | ५६०६८२०२ |
| Preparation of Master Plan & DPR For Maniklal Smriti Park Construction at ward no. 1 | M/S Subhakamana Engineering Consultancy | २९७७४३ | ४४७९०६९३ |
| Reservoir Type Recreational Park, Pangthali, Raksirang-8 RFP/QCBS/02/2079/080 | M/S Synergy Engineering & Consultants | ९७७४५० | १९१३०९६०५ |
| Feasibility Study, Detail Survey and Detail Engineering Design of Swing | M/S SAHARA Engineering Consultancy | ३४८५७१ | १४९१७३९८ |
| Feasibility Study, Detail Survey and Detail Engineering Design of Ziplining | M/S Green Sahara Engineering | ३४८५७१ | ३५८३०९५२ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ (क) मा परामरर्श सेवा खरिद गर्दा सम्वन्धित सार्वजनिक निकायमा उपलव्ध जनशक्तिवाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था रहेको छ । यस्ता डिपिआर पालिकाकै जनशक्तिवाट गराउनेतर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले कुन कुन योजना कार्यान्वयनमा लैजान सकिन्छ सो को पर्याप्त विश्लेषण गरि त्यस्ता योजनाहरु मात्र छनोट गरिनुपर्दछ ।

२७ **जिन्सी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गरेपनि विगतका जिन्सि अद्यावधिक अभिलेख तयार गरेको छैन । ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

२८ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी शुन्य र यो वर्ष थप भएको १० गरी कुल १० विवाद दर्ता भएकोमा ६ वटा मात्र फस्यौंट भई ४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२९ **हेभी इक्विपमेण्टको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांश मा लागत अनुमान तयार गर्दा को समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएता पनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । केहि उदाहरण निम्न छन् ।

| गो भौ नं. र मिति | योजना तथा समितिको नाम | लागत अनुमान | कार्यसम्पन्न रकम | सब×कन्ट्रयाक्टरको बिजकको रकम |
|---|---|---|---|---|
| ३४१।३।२३ | गोर्खा सडक निर्माण उपभोक्ता समिति | २४२१६९९ | १९४१९०२ | १९४५९४५ |

| | | | | |
|---|---|---|---|---|
| १७४।१२।२० | गैजुराङ्ग पाईराङ्ग ट्र्याक खोल्ने समिति | १७७२१६४ | १७६४१८८ | १७६४३७६ |
| ५९।१०।२७ | चौतारा किटधारी दङ्गुखोला सडक | १९८५८८० | १६००८०१ | १६०६६२४ |
| - | सौराहा घुसावगर तालुका सडक | १६५०५४५ | १६३२३३९ | १६५०९४० |
| - | पखेटार लोजा स्याङ्गलावाङ्ग सडक | १६५३६३६ | १६५०५८० | १६५०९४० |

३० **सब-कन्ट्रयाक्टर** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१०)मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्नेछ र कुनै निर्माण व्यवसायी वा सब×कन्ट्रयाक्टरबाट गराउन नसकिने व्यवस्था छ ।कुनै कारणवश सो समिति वा समुदाय आफैले संझौता अनुसारको काम सम्पन्न गर्न नसक्ने भएमा सार्वजनिक निकायले समिति वा समुदायसँग भएको सम्झौता तोडी बाँकी काम ऐन र नियमावली बमोजिम गराउनु पर्ने उल्लेख छ ।यस पालिकाले विभिन्न सडक योजनाहरुको उपभोक्ता समिति संग सम्झौता गरेकोमा सम्बन्धित उपभोक्ता समितिहरुले संझौता अनुसारको काम आफैले नगरी निम्नानुसार सब×कन्ट्रयाक्टरबाट काम गराई निर्माण व्यवसायीले पेश गरेको कर विजकको आधारमा मु.अ.कर समेत भुक्तानी गरेको छ। यसरी समिति वा समुदाय आफैले संझौता अनुसारको काम सम्पन्न गर्न नसकेको अबस्थामा नियमको उक्त व्यवस्था अनुसार पालिकाले स्वयम ठेक्का मार्फत काम गराउंदा प्रतिष्पर्धी दरमा काम गराउन सकिनेमा सो बमोजिम नगरी उपभोक्ता समिति मार्फत सब×कन्ट्रयाक्टरले पेश गरेको बिलको रकम भुक्तानी दिंदा राज्यलाई थप ब्ययभार परेको देखियो । उपभोक्ता समितिले निर्माण व्यवसायी वाट काम गराएको नियमसम्मत देखिएन । सो सम्बन्धमा पालिका लगायत सम्बन्धित निकायको ध्यानाकर्षण हुनु जरुरी देखिन्छ ।

| गो भौ नं. र मिति | योजना तथा समितिको नाम | लागत अनुमान | कार्यसम्पन्न रकम | सब— कन्ट्रयाक्टरको नाम | सब×कन्ट्रयाक्टरको बिजकको रकम |
|---|---|---|---|---|---|
| ३४१।३।२३ | गोर्खा सडक निर्माण उपभोक्ता समिति | २४२१६९९ | १९४१९०२ | जय अम्वे निर्माण सेवा | १९४५९४५ |
| १७४।१२।२० | गैजुराङ्ग पाईराङ्ग ट्र्याक खोल्ने समिति | १७७२१६४ | १७६४१८८ | भान्जा टेक कन्स्ट्रक्सन | १७६४३७६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५९।१०।२७ | चौतारा किटधारी दङ्गुखोला सडक | १९८५८८० | १६००८०१ | ओमस निर्माण सेवा | १६०६६२४ |
| - | सौराहा घुसावगर तालुका सडक | १६५०५४५ | १६३२३३९ | दाई एण्ड एस कन्स्ट्रक्सन | १६५०९४० |
| - | पखेटार लोजा स्याङ्गलावाङ्ग सडक | १६५३६३६ | १६५०५८० | भान्जा टेक कन्स्ट्रक्सन | १६५०९४० |

३१ **चर्च मन्दिर गुम्वा** - स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ को उपदफा ३ मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनोट गर्दा आर्थिक विकास तथा गरिवि निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जिवनस्तर, आम्दानी र रोजागारी बढ्ने किसिमका योजनालाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । तर यस पालिकाले २०७९।८० मा १२ वटा चर्च, गुम्वा तथा मन्दिरहरुको लागी निम्नानुसारको रकम रु. ५४२८७२१ उपलव्ध गराएको छ । सरकारी कोषको रकम सार्वजनिक हक हितको लागी प्रयोग गर्नुपर्नेमा त्यस्तो खालको लगानी निजि जग्गामा निर्माणाधिन धार्मिक स्थल निर्माण मर्मत लगायतमा खर्च भएको देखिदा सो रकम सार्वजनिक हितको प्रयोजनार्थ खर्च गर्न पालिकावाट उपयुक्त नीति अख्तियार गर्नुपर्दछ ।

| योजनाको नाम | भुक्तानी |
|---|---|
| चर्च निर्माणतर्फ | १६४२५४६ |
| गुम्बा निर्माणतर्फ | २००४०६३ |
| मन्दिर निर्माणतर्फ | १७८२११२ |
| कुल जम्मा | ५४२८७२१ |

३२ **ठेक्का अभिलेख तथा व्यवस्थापन** -

३२.१ सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

३२.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा २७ देखि ४९ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| ठेक्का नाम | निर्माण कम्पनी | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|
| Upgrading Of Silinge-Siladhuni-Gaijurang Sadak | M/S Bhanja Tek Construcrtion & Suppliers | १९३०५४०१ | ९९३४९६२ | ४९ |
| Dungu Athare Dantar Sadak | M/S Kastamandap Aajiwan J.V | ४८२२६४२३ | ३१४७०४५८ | ३५ |
| Procurement of Construction of Administrative Building | M/S Jayamata Engineering Construction Pvt. Ltd. | ८७५०६७४३ | ६४२१२८२५ | २७ |
| Procurement of Construction of 10 Bed Hospital | M/S Lama Baniya J V | ९८१९९६०२ | ५९८५८५७१ | ३९ |
| Procurement of Upgrading of Devitar Pangthali Silinge Sadak | M/S Shikhar Engieering Construction Pvt. Ltd. | २८९११५१४ | १६९४०४२७ | ४१ |
| Construction of Chainpur-Manedada-Charimara-Dhirang Road Construction | M/S Behadababa Nirman Sewa | १४३००७३६ | ७७६२५५१ | ४६ |
| Construction of Chainpur-Sunarisaura- Lapur-Sanobhabar Road Construction | M/S Behadababa Nirman Sewa | १४३००७३८ | ७८३३२५५ | ४५ |

३३ **लागत सहभागिता -** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

३४ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीय तहमा स्वीकृत बेरोजगार व्यक्तिलाइ न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्धेश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा २(१) मा बमोजिम पालिकाले बेरोजगारको तथ्यांक अद्यावधिक गरेर सूचीमा समावेश भएकाहरुलाइ प्राथमिकीकरण गरीः प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराइ रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७७ को सि नं ४ अनुसार श्रममूलक आयोजना छनौट गर्दा स्थानीय तहको वार्षिक योजना तर्जुमाका सबै चरण पुरा गरि आयोजना बैंक तयार गरी सोहि आयोजना बैंक अनुसार प्राथमिकता क्रममा रहेका बेरोजगार व्यक्तिको आधारमा पालिकाले योजना सञ्चालन गर्नुपर्ने हुन्छ । तर गाउँपालिकामा वडाबाट योजना माग गरि त्यसका आधारमा कार्यक्रम सञ्चालन गरेको पाइयो । यस आ वमा पालिका अन्तर्गतका ५ वटा वडामा सञ्चालन भएका आयोजना निम्नानुसार छन् ।

| क सं | कार्यक्रम | संख्या | खर्च रकम रु |
|---|---|---|---|
| १ | सडक/गोरेटो | ५ | २३,४९,२५५।५० |
| २ | सडक नाली | २ | ८५४,५३७ |
| ३ | उर्जा सिँचाई | १ | ४६१,६०० |
| ४ | पर्यटन प्रवर्द्धन | १ | ३३६,१०२।५० |
| जम्मा रु | | | ४०,०१,४९५। |

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस गाउँपालिकामा यस आ वमा रु ६२७५०००। रकम व्यवस्था भएकोमा रु ५३०६०००। करिब ८४.५६ प्रतिशत खर्च भएको देखिन्छ ।यस मध्ये रु ४०,०१,४९५। श्रमिकको ज्यालामा उपभोक्ता समिति मार्फत खर्च भएको देखिन्छ । यस कार्यक्रमका लागि स्थानीय तहभित्रका वडामा सडक मर्मत लगायतका कार्यक्रम सञ्चालन गर्न दर्ता गरिएका ५०१ जना मध्ये यस वर्ष ८६ जनालाइ जम्मा ६९३५ दिन रोजगारी प्रदान गरेको देखिन्छ ।निर्देशिका बमोजिम योजना बैंक अनुसार प्राथमिकता क्रममा रहेका बेरोजगार व्यक्तिलाइ रोजगारी दिनुपर्दछ ।

३५ **शिक्षक दरबन्दी र पदपूर्ति** - आ व २०७९।८० मा पालिकाको शिक्षक दरबन्दी र पदपूर्तिको व्यहोरा देहाय बमोजिम रहेको छ :

| विद्यालयको संख्या | दरबन्दी | स्थायी पदपूर्ति | दरबन्दी मध्ये करार | रिक्त पद | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|
| ५२ | १६७ | ७६ | ९१ | १ | ७१६४ | ४३ |

उपरोक्त तालिका बमोजिम शिक्षक विद्यार्थी अनुपात १:४३ रहेको छ । त्यसैले तोकिए बमोजिम शिक्षक विद्यार्थी अनुपात कायम गर्दै स्थायी पूर्ति गर्नेतर्फ पालिकाले पहल गर्नुपर्दछ ।

३६ **प्रति विद्यार्थी लागत** - पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९।८० को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| बजेट विवरण | बजेट रकम | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत रु. |
|---|---|---|---|---|
| तीनै तहका सरकारबाट जम्मा | १७,०२,६०,००० | १३,८१,८८,२३७ | ७१६४ | १९,२८९। |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको बालविकास देखि कक्षा १२ सम्म प्रति विद्यार्थी लागत रु १९,२८९ रहेको देखिन्छ ।

३७ **अन्य निकायको खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकिय अधिकृतले स्विकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारीता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाको ढुङ्गा गिट्टि बालुवाको अनुगमन तथा विभिन्न योजनाको अनुगमन गरेवापत विभिन्न निकायलाई भ्रमण खर्च भुक्तानि गरेको छ । पालिकाले निम्नानुसारका अन्य निकायका कर्मचारीलाई अनुगमन भत्ता भुक्तानी गरेको छ । पालिकाको ढुंगा गिट्टी वालुवाको अनुगमन गरेको उल्लेख गरी भ्रमण खर्च भुक्तानी गरेतापनि अनुगमन प्रतिवेदन समेत पेश नभएको अवस्थामा यसरी अर्को कार्यालयवाट स्विकृत भएको भ्रमण आदेश तथा विलमा पालिकाको भुक्तानी खर्च रकम मितव्ययी र बजेट प्रभावकारी देखिएन । यस्तो खर्चले थप व्ययभार परेको नियमसम्मत नदेखिएको रु

| भौ. नं . र मिति | खर्च शिर्षक | बजेट खर्च | भुक्तानि भएको कार्यालको नाम |
|---|---|---|---|
| ४३३।०८०।१।१४ | अनुगमन मूल्यांकन खर्च | २५००० | जिल्ला समन्वय समिति मकवानपुर |
| ११२।०७९।८।२५ | अनुगमन मूल्यांकन खर्च | ४०००० | जिल्ला समन्वय समिति मकवानपुर |
| ४३२।०८०।१।१४ | भ्रमण खर्च | ७८०० | नापी कार्यालय मकवानपुर |
| | जम्मा | ७२८०० | |

| | |
|---|---|
| अनियमित भएको | ७२,८०० |

३८ **मू.अ. कर कट्टि नगरेको -** मूल्य अभिवृद्धि ऐन, २०५२ तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ मा भएको संसोधित व्यवस्था तथा आर्थिक विधेयक, २०७८ अनुसार विभिन्न व्यवसायी, आपूर्तिकर्तालाई ठेक्का तथा सम्झौता गरी मू.अ.कर रकम भुक्तानि गर्दा सोको ३०% मूल्य अभिवृद्धि कर कट्टि गरी उक्त रकम पालिकाले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न गो.भौ.नं. र मितिबाट विभिन्न व्यवसाय तथा आपूर्तकलाई मू.अ.कर रकम भुक्तानि गर्दा सो नियम विपरीत पुरै रकम भुक्तानि गरेकाले व्यवसायिहरुले कर समायोजन प्रमाणपत्र पेश गर्नुपर्ने रु.

| भौ. नं . र मिति | फर्मको नाम | विल रकम (VAT वाहेक ) | मु. अ . कर रकम | ३०% मु . अ . कर |
|---|---|---|---|---|
| ४७५-२०८०/२/९ | मेरिडियन आइ टी प्रा लि | ७५९२१२ | ९८६९७ | २९६०९ |
| ४६८-२०८०/२/८ | श्रेष्ठ एग्री इन्पुट्स प्रा लि | ४१२३८८ | ५३६१० | १६०८३ |
| ५७३-२०८०/३/२० | मनकामना स्टिल फर्निचर उद्योग | २६५५०० | ३४५१५ | १०३५५ |
| ५९५-२०८०/३/२० | हेटौंडा लिंकेज टेक्निकल एकेडेमी प्रा लि | ४४१७८७ | ५७४३२ | १७२२९ |
| ५९७-२०८०/३/२० | गाँउवेशी क्रियसन प्रा लि | २२१२०० | २८६५६ | ८६२७ |
| ५९८-२०८०/३/२० | एस एम एस मिडिया प्रा लि | २२०३५३ | २८६४६ | ८५९४ |
| ६०८-२०८०/३/२१ | बागमती छापाखाना | ४२३५०० | ५५०५५ | १६५१७ |
| | | | जम्मा | १०७०१४ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०७,०१४ |

३९ **खर्चको पुष्टयाइ** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा सो खर्च पुष्टि गर्ने विल भर्पाइ प्रमाण कागजातसंलग्न हुनुपर्दछ। पालिकाले विभिन्न कार्यक्रम सञ्चालन गरि भुक्तानि भएकोमा सम्बन्धित विल भर्पाई संलग्न नभएकाले सोको प्रमाण पेश गर्नु पर्ने अन्यथा असुलउपर गर्नुपर्ने रु.

| भौन र मिति | कार्यक्रमकोनाम/ खर्च शिर्षक | खर्च रकम | भुक्तानि प्राप्तकर्ताको नाम | प्रमाण पेश गर्नुपर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|
| २९५।०७९।११।१६ | राक्सिराङ्ग नौमति पञ्चेबाजा समूह परम्परागत सांस्कृतिक संरक्षण कार्यक्रम | ६०००० | राक्सिराङ्ग नौमति पञ्चेबाजा समूह | ६०००० | विल भर्पाई प्रमाण कागजात सलंग्न नरहेको |
| २३२।०७९।१०।६ | युवा तथा खेलकुद विकास कार्यक्रम | ५०००० | श्री सूर्योदय माध्यमिक विद्यालय | ५०००० | कार्यक्रम सञ्चालनको विल भर्पाई प्रमाण कागजात सलंग्न नरहेको |
| ३३६।०७९।१२।२८ | मनहरी बहुमुखि क्याम्पस सञ्चालन तथा व्यवस्थापन अनुदान | २००००० | मनहरी बहुमुखि क्याम्पस मनहरी | २००००० | अनुदान रकम कुन कुन प्रयोजनमा खर्च भएको प्रमाण कागजात नरहेको |
| ६४।०७९।७।२० | युवा तथा खेलकुद कार्यक्रम वडा नं २ | २००००० | राक्सिराङ्ग गापा युवा तथा खेलकुद समिति | ७५००० | रु ७५००० को खेलकुद सामाग्रि खरीदको विल पेश भएकोमा खेलाडिले बुझेको भर्पाईसंलग्न नरहेको |
| ६३।०७९।७।२० | युवा तथा खेलकुद कार्यक्रम वडा नं १ | १००००० | युवा तथा खेलकुद कार्यक्रम उपभोक्ता समिति राक्सिराङ्ग १ | ३०८०० | रु ३०८०० को खेलकुद सामाग्रि खरीदको विल पेश भएकोमा खेलाडिले बुझेको भर्पाईसंलग्न नरहेको |
| ९८।०७९।८।७ | युवा तथा खेलकुद कला संस्कृति वडा नं ३ | ९९९४८ | कृतज्ञ सप्लायर्स | ९९९४८ | ९९९४८ को खेलकुद सामाग्रि खरीदको विल पेश भएकोमा खेलाडिले बुझेको भर्पाईसंलग्न नरहेको |
| | | | जम्मा | ५१५७४८ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,१५,७४८ |

४० **छुट कर कट्टि रकम** - आयकर ऐन २०५८ को दफा ८९ मा मु अ कर मा दर्ता भएका फर्ममार्फत खरिद विल भुक्तानिमा १.५ प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले ईन्टरनेट शुल्क खर्च शिर्षकबाट फाईवर वर्ल्ड कम्यूनिकेशन प्रालीलाई रु ३०६००० भुक्तानिमा नियमअनुसारको १.५% का दरले अग्रिम आयकर नकाटेकोले छुट कर रकम असुल उपर गरी राजश्व दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,०६१ |

४१ **नर्म्स विपरीत भुक्तानि** -

**.............. (प्रारम्भिक प्रतिवेदनउपर विभिन्न ११ जना आन्तरीक तथा बाह्य प्रशिक्षकहरुलाई नर्म्स विपरीत भुक्तानि भएको रकमको दाखिला प्रमाण पेश भएको आधारमा मिति२०८०-१२-१८,१९ र २४ को निर्णयबाट रु. १२७५० सम्परीक्षण गरिएको ।**

४२ **लागत सहभागिता नरहेको** - गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम निर्देशिका २०७७ को दफा ४१ मा प्रविधि हस्तान्तरण गर्दा कार्यालयको ८०% सम्म र लाभग्राहीको २०% सम्म सहभागिता हुनुपर्ने व्यवस्था छ । सहभागीलाइ यसरी प्रविधि हस्तान्तरण गर्दा सहभागीको अंश २०% हुनुपर्नेमा १००% खर्च पालिकाले नै व्यहोरेको पाइएकोले लागतको २०% सहभागिता रकम सम्बन्धित समूहबाट देहाय बमोजिम असुल गर्नुपर्ने रु

| गो भौ नं | लाभग्राहीको नाम | विवरण | आपूर्तकको नाम | रकम रु | सहभागिता हुनुपर्ने रकम रु |
|---|---|---|---|---|---|
| २५६।०८०।३।२० | वडा नं १,३,४,५,८ का लघुउद्यमी समूह | टोपी, सोर्मिङ ब्याग, चक्कु, ह्याक्टुल, बाल्टिन, क्वीन गेट | ग्रामीण मौरी उद्योग, प्रधान ट्रेड इन्टरप्राइजेज, अर एस इन्टरप्राइजेज, जयलक्ष्मी हार्डवेयर एण्ड सप्लायर्स | २९५,००० | ५९०००। |
| २६५।०८०।३।२१ | वडा नं ४ र ५ का लघुउद्यमी समूह | सिलाइ मेसिन, इन्टरलक मेसिन, इस्टुल, आइरन, कैंची | न्यू शिवशक्ति सप्लायर्स, अफिस इसेन्सियल सप्लायर्स | १३९,९५० | २७९९०। |
| जम्मा रु | | | | | ८६,९९०। |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८६,९९० |

४३ **जिन्सि दाखिला -**

**............. (प्रारम्भिक प्रतिवेदनउपर विभिन्न विद्यालयका लागि खरीद भएको फर्निचर बुझेको भर्पाई तथा जिन्सि दाखिला प्रमाण पेश भएको आधारमा मिति२०८०-१२-२१ को निर्णयबाट रु. ३००००० सम्परीक्षण गरिएको ।**

४४ **विद्यार्थी संख्या भन्दा बढी बालविकास सहजकर्ता -** प्रारम्भिक बाल विकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०७५ को प्रथम संशोधन २०७७ बमोजिम न्यूनतम २५ जना सम्म विद्यार्थी संख्या भएकोमा १ जना र २५ जना भन्दा बढी भएमा थप बाल विकास सहयोगी कार्यकर्ता राख्न पाउने व्यवस्था छ ।तर, पालिका अन्तर्गत सञ्चालित देहायका विद्यालय बालविकास केन्द्रमा २५ जना भन्दा कम विद्यार्थी रहेका विद्यालयहरुमा पनि २ जना बाल विकास सहजकर्ता राखी संघ सशर्तबाट रु १०,०००।- का दरले र पालिकाबाट रु ७०००।- का दरले भुक्तानी भएको रकम नियमसम्मत नदेखिएको रु

| क सं | विद्यालयको नाम | विद्यार्थी संख्या | आवश्यक बाल शिक्षक | नियुक्त बाल शिक्षक | रकम रु |
|---|---|---|---|---|---|
| १ | श्री प्रा वि धुसाबगर | १२ | १ | २ | २२१,००० |
| २ | श्री महाकाली प्रा वि | १२ | १ | २ | २२१,००० |
| ३ | श्री प्रजा जागृति आ वि | २१ | १ | २ | २२१,००० |
| ४ | श्री प्रा वि झिल्किनी | २२ | १ | २ | २२१,००० |
| ५ | श्री जनप्रिय प्रा वि | १५ | १ | २ | २२१,००० |
| जम्मा रु. | | | | | ११,०५,०००। |

| | |
|---|---|
| अनियमित भएको | ११,०५,००० |

४५ **स्वास्थ्य विमा कार्यक्रम -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा सो खर्च पुष्टि गर्ने विल भर्पाइ प्रमाण कागजातसंलग्न हुनुपर्दछ। पालिकाको स्वास्थ्य विमा कार्यक्रम कार्यविधि २०७९ बमोजिम लागत अनुमान प्रति ५ परिवार ३५०० र त्यो भन्दा माथि प्रति व्यक्ति ७०० का दरले लागु हुने गरी हुने खर्चको ७५% गाँउपालिका अनुदान बाकि २५% लागत सहभागितागर्नुपर्ने उल्लेख छ ।पालिकाले पालिकामा भएका देहायका स्वास्थ्य संस्थालाई सोवापतको खर्च भुक्तानि गरेकोमा सोको प्रमाण कागजात पेश नभएकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.

| स्वास्थ्य संस्थाको नाम | भुक्तानि रकम |
|---|---|
| गौदान आ स्वा से केन्द्र १ | १०५००० |

**(प्रारम्भिक प्रतिवेदनउपर पँलासे आ.स्वा.से. केन्द्र ३ को ९०,००० र धिराङ्ग आ.स्वा.से. केन्द्र ७ को ३०,००० प्रमाण पेश भएको आधारमा मिति२०८०-१२-२१ को निर्णयबाट कूल रु. १२०००० सम्परीक्षण गरिएको)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०५,००० |

४६ **निशुल्क पाठ्यपुस्तक अनुदान -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० मा पालिकाभित्रका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई विद्यार्थी संख्याको आधारमा पहिलो पटक ७५ प्रतिशत र दोश्रो पटक नपुग रकम २५ प्रतिशत विद्यालयको खातामा निकासा गर्ने व्यवस्था छ । पालिकाले देहायका विद्यालयमा पहिलो किस्ता बापत गो भौ नं ११०।०८०।१२।२० र दोश्रो किस्ता बापत गो भौ नं १९५।०८०।३।३ बाट निकासा गरेको छ। देहायको विद्यालयले पालिकाले निकासा गरेको रकम भन्दा कम रकमको पाठ्यपुस्तक खरिद गरेको छ । यसरी पुस्तक खरिद गरे पश्चात बाँकी रहेको बचत रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु

| क सं | विद्यालयको नाम | भुक्तानी रकम रु | पुस्तक खरिद रकम रु | बचत रकम रु |
|---|---|---|---|---|
| १ | श्री सूर्योदय मा वि | ५४३,६८८.५८ | ४७६,४३३ | ६७,२५५.५८। |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६७,२५५ |

४७ **ढुंगा गिटी वालुवाको ठेक्का आम्दानी सम्वन्धमा**

४७.१ पालिकाले आर्थिक वर्ष २०७९।८० को लागि विस्तृत वातावरणीय प्रतिवेदनमा उल्लेख नभएको तर जिल्ला समन्वय समिति ले अध्ययन अनुसार यस पालिकाको कार्यक्षेत्र भित्र मनहरी खोला समेतको ढुंगा गिटी वालुवा निकाल्न का लागि यस वर्ष सुचना प्रकाशन मिति २०७९।९।१८ सुचना भएकोमा एकमात्र निर्माण व्यवसायी ले १४०२२९ घनमीटर लागि प्रतिघनमिटर रु ९ का दरले हुन आउने रकम म .अ. कर सहित रु ५०९९४३०६।२४ मा पुरै रकम दाखिला गर्ने गरी मिति २०७९।१०।२९ मा गतिशिल निर्माण सेवा संग सम्झौता भएकोमा सम्झौताको अवस्थामा राष्ट्रीय वाणिज्य वैकको रु १८६०००००। जमानी पत्र न पि २३१९३००००१ जमानीपत्रको म्याद २०८०।४।२ सम्म रहने गरी सम्झौता भएकोमा तोकिएको मिति २०८०।२।३० भित्र पुरै रकम दाखिला गर्नुपर्नेमा निजले सो समय भित्र रकम दाखिला नगरेकोले पालिकाले राष्ट्रिय वाणिज्य वैकलाई मिति २०८०।३।१० मा निजले राखेको जमानत वापतको रकम पालिकाको विभाज्य कोषमा दाखिला गर्न पत्र पठाएकोमा वैकले समयमा जमानत वापतको रकम दाखिला नगरेकोले पुन पालिकाले मिति २०८०।३।२८ पत्र लेखि दाखिला गर्न लगाएकोमा निज निर्माण

सेवा ले जमानतको म्याद भित्र रु ३४९३५५००।र तोकिएको जमानत भन्दा पछि मिति २०८०।४।२ मा रु ४००००००।दाखिला गरेको छ भने जमानतको म्याद समाप्त भएको दुई महिना ५ दिन पछि वैकले २०८०।६।७ मा रु १२०५८८०६।२४ जमानत वापतको रकम स्थानीय सञ्चित कोषमा दाखिला गरेको भनि वैकले पत्र पठाएको आधारमा पालिका कोषमा दाखिला भएको छ । जमानतको म्याद सकिएपछि पनि वैंक रकम दाखिला गरेको देखिएकोले वैक ग्यारेन्टीको विश्वसनियता पनि आश्स्त हुन सकिएन। वैकले जमानत बापत राखिएको रकम तोकिएको समयमा फिर्ता नगरेमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को नियम २८(२) अनुसार तोकिएको समयमा दाखिला नगरेमा वार्षिक १० प्रतिशतका दरले हुन आउने जरिवानाको रकम पालिकामा प्राप्त हुन सकेन ।

४७.२ वागमति प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालय प्रकाशित प्रदेश आर्थिक ऐन २०७९ को दफा ९ (३) मा ढुङ्गा गिटी स्लेट चुनढुङ्गा हदत्तर वहत्तर को उत्खनन संकलन प्रशोधन वा विक्री वितरणमा अनुसुची ७ मा तोकिए वमोजिम जरिवाना असुल गरिने उल्लेख छ ।जिल्ला समन्वय समितिले प्रमाणित मौज्दात प्रमाणित गर्दा खरीद विक्री परिमाणमा हिसाव मिलान नभएर कैफियत देखिएमा सो वरावरको परिमाणमा २१.६६ का दरले प्रति धनफिट जरिवाना असुल गर्नुपर्ने उल्लेख भएकोमा निम्नानुसारका उद्योग हरुले मौज्दात भन्दा अनुगमन रिपोटमा वढी धनमिटर मौज्दात देखिएकोले प्रति एक धनमीटर वरावर ३५.३१४ धनफिट रु २१।६६ का दरले असुल गर्नुपर्ने देखिएको रु.

| सिन | उद्योगको नाम | २०७९।८० मौज्दात | अनुगमन रिपोट | फरक धनमिटर | असुल गर्नुपर्ने |
|---|---|---|---|---|---|
| १ | धनलक्ष्मी वालुवा उद्योग | २९४९० | ३०२५४ | ७६४ | ५८४३८४ |
| २ | जय हनुमान वालुवा उद्योग | १९९८९ | २२२१७ | २२२८ | १७०४१९९ |
| ३ | गंगोत्रि वालुवा उद्योग | ३८९०८ | ४०२०२।५ | १२९५ | ९९०५४७ |
| | | | | जम्मा | ३२७९१३० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३२,७९,१३० |

४७.३ **खानी रोयल्टी -** स्थानीय विकास शुल्क वापत रिद्धिसिद्धि सिमेन्ट उद्योगले खानी विभागमा पेश गरेको विवरण अनुसार चुन ढुङ्गा प्रयोग गरेवापत १० प्रतिशतका दरले हुन आउने रकम रु २१००८९६।४६ कार्यालयमा सोही आ व मा आउनु पर्नेमा मिति २०८०।५।३१ मा दाखिला भएको छ ।

४८ **अग्रिम कर** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता संग एक करोड सम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति सग कार्य गराउन सकिने व्यवस्था रहेको छ भने आर्थिक ऐन २०७९ अनुसार उपभोक्ता समिति संग कार्य गराउदा रु पचास लाख भन्दा माथिको कार्य गराउदा सो भुक्तानीमा १.५ प्रतिशतका दरले कर कट्टा गर्नु पर्ने व्यवस्था रहेको छ ।निम्नानुसारका निर्माण कार्यमा उपभोक्ता समिति संग कार्य गराउदा सो अनुसार आर्थिक ऐन अनुसार कर कट्टा गर्नु पर्ने रु.

| सि न | योजनाको नाम | लागत अनुमान | भुक्तानी रकम | कट्टी कर | नपुग कर |
|---|---|---|---|---|---|
| १ | कलगौरी देखि नेवार पानी गुम्वा जोडने सडक | ५५०२१७९ | ४९४०२१६ | ३३२७१ | ४०८३२ |
| २ | देवकोट आलखोप केरावारी थुम्की सानुभावर कोलगौरी सडक | ५५०१४३० | ४९९०२१७ | ३९१०० | ३५७५३ |
| ३ | बगर खेती चेपाङ आयआर्जन प्रबद्धन कार्यक्रम योजना | ६०५२३६२ | ५४७०५१३ | ६५४६४ | १६५९४ |
| जम्मा | | | | | ९३१७९ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९३,१७९ |

४९ **टुक्रा पारि उपभोक्ता समिति र ठेक्का लगाएको** - सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) यस ऐन अन्तर्गत वनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुनेगरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ । पालिकाले दामन डाँडावास खैराङ्ग काँकडा भण्डारा सडक अन्तर्गत मेताङ्गति कोखारी गैजुराङ्ग सडक खण्ड नयाँ ट्र्याक खोल्ने काममा सडकको लागी संघीय सरकार समपुरक अन्तर्गत रु. ७० लाख र प्रदेश सरकार समपुरक अन्तर्गत रु १ करोड र गाउँपालिकावाट म्याचिङ्ग फण्ड रु १ करोड गरी जम्मा २ करोड ७० लाख को वजेट व्यवस्था भएकोमा पालिकाले ठेक्का तर्फ रु २ करोड ४० लाख को मात्र लागत अनुमान तयार गरी रु २ करोड ३२ लाखको मात्र ठेक्का सम्झौता गरेको पाईयो । एउटै योजनालाई टुक्रा पारी वाँकी कामको लागी पालिकाले कैलाश कोखारी काकडा भण्डारा सडक उपभोक्ता समिति सँग मिति २०८०।१।९ मा रु.२२५६७९०।०२ को सम्झौता गरी रु.२०४८२५८।०० को काम गराएको छ । यसरी एउटै योजनाको लागी वजेट विनियोजन भएको तर केहि काम ठेक्कावाट र केहि काम उपभोक्ता समितिवाट काम गराएकोले उपभोक्ता समितिवाट गराएको काम नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २०,४८,२५८ |

५० **भुक्तानी वाँकि** - आर्थिक कार्यविधि तथा वित्तियउत्तरदायित्व नियमावली २०७७ को नियम (१३) उपनियम (२) चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्ने पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्वन्धित कार्यालयले संलग्न विल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकवाट

स्वीकृति ढाँचामा भुक्तानी दिने गरि वाकीको विवरण को ले नि का वाट प्रमाणित गराई राख्नु पर्नेमा पालिकाले इन्टर कोटेवाङ्ग झोलुङ्गे पुल निर्माणको स्टील पार्ट को गत वर्षको भुक्तानी दिन छुट भएको भनि जलप नेपाल प्रा लि लाई रु २३७५२५। भुक्तानी दिएको रु २३७५२५। नियमित नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,३७,५२५ |

५१ **मूल्य अभिवृद्धि कर**- मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ (ग) अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले बकेट सहितको एक्साभेटर खरिदका लागी समानिकरण अनुदानवाट रु ८५ लाख र राजस्व वाँडफाँडवाट रु १४९७९९९ समेत जम्मा रु १०९९७९९९ विनियोजन भएकोमा MAW earth movers pvt ltd. (मु अ कर नं ३०३३७०७५४) लाई रु.१०९९७९९९ भुक्तानी भएकोमा एक्साभेटरमा मुल्य अभिवृद्धि कर भुक्तानी नभएको र ब्रेकरको लागी छुटटै विल पेश भएको रु ८८४९५५।७५ को १३ प्रतिशतले हुने मुल्य अभिवृद्धि कर रु ११५०४४ पुरै सम्वन्धित आपुर्तिकर्ता कम्पनिलाई भुक्तानी दिँदा नियमानुसार ३० प्रतिशत रकम रु३४५१३।०० कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३४,५१३ |

५२ **मुल्य समायोजन भुक्तानी** - पालिकाको प्रशासकिय भवन निर्माणको लागी २०७८।३।१४ मा निर्माण व्यवसायी जयमाता ईन्जिनियरिङ्गसँग रु ६४२१२१२५ को लागतमा मिति २०८०।३।१४ सम्म सम्पन्न गर्ने गरी सम्झौता भएकोमा सम्झौताको मुल्य समायोजन भुक्तानि शर्तमा कुन अवधिसम्म मुल्य समायोजन दिने भन्ने उल्लेख गरेको पाईएन । सम्झौताको अवधि सम्पन्न भई २०८० मंसिरसम्म म्याद थप भएकोमा म्याद थप पश्चात मिति २०८०।३।२२ मा पेश भएको तेश्रो रनिङ्ग विल रु.१९४९७४४।५७ मा सो अवधिसम्मको १.२१५० समायोजन फ्याक्टर फ्रिज गरी भुक्तानी दिनुपर्नेमा १.२३१० समायोजन फ्याक्टरले मुल्य समायोजन भुक्तानि गरेकोले बढी मुल्य समायोजन भुक्तानी भएको मुल्य अभिवृद्धि कर सहितको रकम रु ३५२५१ निर्माण व्यवसायीवाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३५,२५१ |

५३ **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद कार्य गर्न नहुने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) ख मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी एउटै व्यक्ति फर्म कम्पनी वा संस्थाबाट दश लाख भन्दा बढी रकमको सोझै खरिद गर्न नसकिने उल्लेख छ । पालिकाले यस वर्ष निम्नानुसारको सोलार खरिदमा नियमावलिमा भएको व्यवस्थाको पालना नगरी सोझै खरिद गरेको छ । यस्तो खरिद कार्य गर्दा ऐन तथा नियमावलीमा भएको ब्यबस्था बमोजिम प्रतिस्पर्धात्मक विधि अवलम्बन गर्नुपर्ने हुँदा उक्त खरिद कार्य नियमसम्मत नदेखिएको रु.

| गो भौ नं | फर्म | रकम |
|---|---|---|
| ९।१२।२९ | नारायणी सोलार एण्ड ईलेक्ट्रोनिक्स कम्पनि प्रा ली | ८००००० |
| १२।७।२३ | नारायणी पावर सोलुसन एण्ड कन्स्ट्रक्सन प्रा.लि | ७६०१३३ |
| | सेन्टर फर रिसोर्स कन्जरभेसन नेपाल प्रा लि | ३७३९५६ |
| | जम्मा | १९३४०८९ |

| | |
|---|---|
| अनियमित भएको | १९,३४,०८९ |

५४ **कार्यसम्पादन जमानत** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० मा सार्वजनिक निर्माण कार्यको ठेक्का पट्टामा राखिएको कार्यसम्पादन जमानतको अवधी त्रुटी सच्याउने अवधिभन्दा १ महिना बढीको हुनुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारका कार्यमा म्याद थप भएकोमा सो अनुसारको कार्यसम्पादन जमानतको म्याद थप गरेको पाईएन । नियमावलीमा भएको व्यवस्था अनुसार कार्यसम्पादन जमानतको म्याद थप गर्नुपर्ने देखिएको छ ।

| योजनाको नाम | निर्माण व्यवसायी | म्याद थप सहित सम्पन्न गर्नुपर्ने अवधि | कार्यसम्पादन जमानत रकम | कार्यसम्पादन जमानतकोअवधि पेश भएको | कार्यसम्पादन जमानतको अवधि पेश हुनुपर्ने |
|---|---|---|---|---|---|
| Procurement of Construction Of Chepang Museum | M/S Baniya - Sundar Nepal J.V | २०८० चैत्र ३० | ५२०६००० | २०८० फागुन १८ | २०८२ वैशाख ३० |
| Dungu Athare Dantar Sadak | M/S Kastamandap Aajiwan J.V | २०८० चैत्र ३० | ६३४०००० | २०८० माघ २० | २०८२ वैशाख ३० |
| Procurement of Construction of 10 Bed Hospital | M/S Lama Baniya J V | २०८० चैत्र ३० | १४८००००० | २०८१ पौष 20 | २०८२ वैशाख ३० |
| Procurement of Upgrading of Devitar Pangthali Silinge Sadak | M/S Shikhar Engieering Construction Pvt. Ltd. | २०८० चैत्र ३० | ४६७०००० | २०८० माघ २५ | २०८२ वैशाख ३० |
| | जम्मा | | ३१०१६००० | | |

५५ **लागत सहभागीता - (गो भौ नं ९।१२।२९ लगायत अन्य)** पालिकाले मिति २०७९।७।१, २०७९।७।४ र २०७९।६।१४ मा भएको सम्झौता अनुसार चेपाङ्ग वस्ति सौर्य उर्जा वडा नं ७ मा ४८०००० रुपैया वरावरको ५० सेट वितरणमा उपभोक्ताले व्यहोर्ने ८००००, कोटेवाङ्ग सौर्य उर्जा वडा नं ९ मा रु ४७२३२० रुपैया वरावरको २४ सेट वितरणमा उपभोक्ताले व्यहोर्ने ७२३२० र लाईवाङ्ग मेताङ्गसि वस्ति सौर्य उर्जा वितरण वडा नं ९ मा रु ४७२३२० वरावरको २४ सेट वितरणमा उपभोक्ताले व्यहोर्ने ७२३२० सम्झौतामा उल्लेख भएकोमा सम्झौता अनुसारमा उपभोक्ताले लागत सहभागीता व्यहोरेको नदेखिएकोले सम्झौता अनुसारमा लागत सहभागीता व्यहोरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्वन्धितवाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,२४,६४० |

५६ **कार्यसम्पन्न प्रतिवेदन** - सार्वजनिक खरीद नियमावली २०६३ को नियम ६४ को नियम १२५ (१) खरीद कार्य वमोजिम निर्माण कार्य भएको तीस दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिम कार्य सम्पन्न प्रतिवेदन तयार भएपछि सोही नियमको नियम १२४ अनुसार करारको शर्तनामा वमोजिम अन्तिम भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिसँग लागत अनुमान तयार गरी सम्झौता गरेकोमा ५५ प्रतिशतसम्म कम काम भएकोमा समेत कार्यसम्पन्न प्रतिवेदन तथा अन्तिम भुक्तानी भएको जनाएको छ । यसरी सम्झौता भन्दा ९० प्रतिशत भन्दा कम काम भएकोमा भेरिएसन नगरेको, कार्यसम्पन्न प्रतिवेदन तयार गरेको तथा अन्तिम भुक्तानी भएको नियमसम्मत देखिएन । यस सम्वन्धमा पालिकाले ध्यान दिनुपर्ने देखिएको छ ।

| गो भौ नं | योजना | लागत अनुमान तथा सम्झौता | नापि अनुसारमा वास्तविक काम | वाकि काम | बाँकि कामको प्रतिशत |
|---|---|---|---|---|---|
| ३२५।३।८ | वाराङ्ग थुम्वाङ्ग ट्रयाक ओपन वडा नं १ | ११,०१,९०४ | ५,०६,०१२ | ५९५८९२ | ५५ |
| ३२३।३।४ | स्याउलाराङ्गे मोड सडक ढलान | ८८०२८४ | ५९८१९२ | २८२०९२ | ३३ |

५७ **बिजक सच्याएको** - मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ (१) अनुसार मूल्य अभिवृद्धि कर मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि वाहेक प्रापकलाई अनुसूची ५ र ५ (क) बमोजिमको ढाँचामा कर बीजक दिनुपर्ने व्यवस्था छ । त्यस्तै आन्तरिक राजस्व विभागको मिति २०६५।७।१० को परिपत्र अनुसार मुल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले विजकको क्रम संख्या १ वाट सुरु हुनुपर्ने र कर विजकमा हातले नम्वर राख्न नहुने र केरमेट गर्न नहुने लगायत उल्लेख छ । पालिकाले सेन्टौरा ईन्जिनियरिङ्ग २९८३०८ भुक्तानि भएकोमा फोटोकपि विल पेश भएको तथा मुल्य अभिवृद्धि कर विजक नं (६०९९३१०५१लाई ६०९९३१०५९ वनाई ) सच्याएको पाईएकोले सो विजकवाट भुक्तानी भएको मुल्य अभिवृद्धि कर रकम समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३४,३१८ |

५८ **स्वस्थ वाटर फिल्टर जडान र सुधारिएको चुल्हो जडान कार्यक्रम** - पालिकाको आ व २०७९/८० को स्विकृत कार्यक्रम तथा वजेट अनुसार स्वस्थ वाटर फिल्टर जडान कार्यक्रम शिर्षकमा रु ४४००००।०० र सुधारिएको चुल्हो जडान शिर्षकमा रु २००००० विनियोजन भएकोमा सो कार्यक्रम सञ्चालनार्थ गाउँपालिकाले ८८० घरधुरीमा स्वस्थ वाटर फिल्टर र २०० घरधुरीमा सुधारिएको चुल्हो जडान गर्न लागत सहभागितामा कार्य गर्ने गरी सहास फाउण्डेसन ललितपुरले पेटेन्ट दर्ताको प्रमाणपत्र सहित प्रस्तावना पेश गरेकोमा कार्यपालिकाको मिति २०७९।१०।२६ को वैठकवाट प्रस्ताव स्विकृत गरेको देखिन्छ । साझेदारी संस्था सहास फाउण्डेसन ललितपुर र पालिकाको मिति २०७९।१०।२६ मा भएको कार्यक्रम सञ्चालन सम्झौता को शर्त नं २ मा वडा नं १ र २ मा कम्तिमा २०० घर परिवार समेटिने गरी सुधारिएको चुल्हो जडान र वडा नं ३ र ५ मा कम्तिमा ८८० वटा स्वच्छ वाटर फिल्टर वितरण गर्नुपर्ने उल्लेख छ । त्यस्तै शर्त नं ४ मा कार्यक्रम समापन भएपश्चात् यसवाट जम्मा हुने कार्वन क्रेडिटवापत प्राप्त मुनाफा लाभग्राहिलाई नै न्यायोचित वितरण गर्नेगरी आवश्यक व्यवस्था गर्ने दायित्व दोश्रो पक्षको हुने उल्लेख छ । संस्थाले वडा नं ३ र ५ स्वच्छ वाटर फिल्टर वितरण गर्ने गरी कार्यक्रम स्विकृत भएकोमा तोकादेशमा वडा नं ३ र ६ मा वितरण भएको पाईयो । संस्थाले मु अ क नं ६०६७४८८२३ को विजक नं १४२५ वाट मु अ क समेत जम्मा रु ७४८००० को विजक पेश गरेको भएतापनि संस्थाले कार्यसम्पन्न गरेको प्रमाण पेश भएको देखिएन । साथै उपभोक्ताको लागत सहभागिता भएको प्रमाण सहित प्रस्तावना सम्झौता अनुरुपको तोकिएको वडा तथा ठाउँमा कार्यक्रम सम्पन्न भएको नदेखिएकोले अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ६,४०,००० |

५९ **म्याद थप** - सार्वजनिक खरीद नियमावली २०६४ को नियम १२०(१) खरीद सम्झौताको अवधि थप गर्न सकिने व्यवस्था रहेको छ ।म्याद थप सकिनुभन्दा कम्तीमा २१ दिन अगावै निर्धारित अवधिको कार्य सम्पादन जमानत वीमा र पेस्की सम्वन्धी जमानत तथा संशोधित कार्यलातिका सहित म्याद थपको निवेदन दिनु पर्ने व्यवस्था रहेको छ । पालिकाले चैनपुर -देविटार- मानेडाडा सडक निर्माणका लागि २८९११५१४।४८ लागत अनुमान तयार गरी सुचना प्रकाशन भै लागत अनुमान भन्दा ४१.४१ कम दररेट पेश गर्ने शिखर इन्जिनियरिङ्ग कम्पनी प्रा लि ले पेश गरेको दररेट रु १६९४०४२६।६२ पेश भै २०७९।९।२५ मा कार्य सम्पन्न गर्ने गरी मिति २०७८।९।२६मा सम्झौता भई निजलाई मिति २०७८।१०।२३ मा रु ८३२०२१। पेस्की दिएकोमा निजले कुनै वील पेश नगरीकन निजलाई पुन निर्माण सम्पन्न गर्नुपर्ने मिति भन्दा २ महिना भित्र पुन मिति २०७९।११।२८ मा रु.८६२०२१। पेस्की दिएको देखिएको र निजले मिति २०८०।३।३ मा प्रथम रनिङ्ग वील वापत रु ५३५०२३४। भुक्तानी भएको छ । यसरि तोकिएको समयमा काम पनि नगर्ने र वील पेश पनि नभएको अवस्थामा एक वर्ष पछि पनि पेस्की दिनु कार्य योजना पनि पेश नभएको अवस्थामा २०८० चैत मसान्ततक म्याद थप भएको छ । पालिकाले तोकिएको समयमा नै कार्य गर्न को लागि ध्यान दिनु पर्ने देखिन्छ ।

६० **सामुदायिक रेडियो** - सुचना संप्रेषण तथा राक्सिराङ्ग सामुदायिक रेडियो सञ्चालनका लागी एस के ट्रेडिङ्ग सप्लायर्सवाट सामाग्रि खरिद गरेकोमा अनुदान वापतको रु ९९७७९०।०० भुक्तानी भएको छ । सामुदायिक रेडियो स्थापना गर्नका लागी भवन निर्माणको चरणमा रहेको पालिकाले जनाएको छ । रेडियो स्थापना तथा सञ्चालन कार्यविधि सहितको द्धिपक्षिय सम्झौता नभई लेखापरीक्षण अवधिसम्म पनि भवन निर्माणको काम भईरहेकोमा प्राविधिक सामान खरिद मात्र गरी भण्डार शाखामा राखेको पाईयो । यसरी रेडियो स्थापना तथा सञ्चालनमा पालिकाको भुमिका तथा खर्च व्यहोर्ने श्रोत उल्लेख नभई भुक्तानी भएको नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ९,९७,७९० |

६१ **कार्यक्रम उत्पादन तथा प्रशारण -**

**.............. (प्रारम्भिक प्रतिवेदनउपर कृषि सचेतना सुचना संप्रेषण अभिलेखिकरण तथा समिक्षाको रेडियो वुलेटिन एफ एम हेटौंडासँग कार्यक्रम उत्पादन तथा प्रशारण सम्झौता भएकोमा सोशर्त अनुसारमा प्रशारण भएको अनुगमन भएको तथा प्रशारण प्रमाणपत्रको प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-२१ को निर्णयबाट रु. १९७००० सम्परीक्षण गरिएको ।**

६२ **पेश्कि वाँकि -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(४) अनुसार पेश्की फछ्यौंट हुनुपर्दछ । त्यस्तै नियम ५१(१) अनुसार समयमा पेश्की फछ्यौंट नगरेमा बाकी पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार रु.६३१६०२० पेश्की फछ्यौंट नभई बाँकी रहेकोले म्याद नाघेको रु. ४६९६०२१ समेत नियमानुसार फछ्यौंट हुनुपर्दछ ।

| कार्यक्रम | पेश्कि लिने | म्याद ननाघेको | म्याद नाघेको | जम्मा |
|---|---|---|---|---|
| १० शैयाको आधारभूत अस्पताल निर्माण | लामा । बानिया जे.भी | ० | २५०००००. | २५०००००. |
| दुङ्गु अठारे सडक निर्माण | काष्ठमण्डप — आजिबन जे.भी. | १०८००००. | ० | १०८००००. |
| चैनपुर सुनारीसौरा लापुर सानो भावर सडक निर्माण योजना | वेहडा वावा निर्माण सेवा | ० | १३६४०००. | १३६४०००. |
| देवीटार पाङथली सिलिङ्गे सडक | शिखर इन्जिनियरीङ्ग कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | ० | ८३२०२१. | ८३२०२१. |
| सडक तथा पूल निर्माण | काष्ठमण्डप — आजिबन जे.भी. | ५४००००. | ० | ५४००००. |
| | जम्मा | १६२०००० | ४६९६०२१ | ६३१६०२० |

**(प्रारम्भिक प्रतिवेदनउपर पशु स्वास्थ्य प्राविधिक शुभेच्छा ढकाल को रु१००,००० शिखर इन्जिनियरीङ्ग कन्स्ट्रक्सन कम्पनी प्रा.लि. को रु६२४,०१६ र डिभिजन वन कार्यालय रासी मनहरी को रु२००,००० डिभिजन वन कार्यालय रासी मनहरी को ३५०,००० नेपाल विधुत प्राधिकरण विगतरण केन्द्र हेटौडा को १०,०००,००० प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-१६,१७ र १८ को निर्णयबाट कूल रु.११२७४०१६ सम्परीक्षण गरिएको ।**

| | |
|---|---|
| पेश्की | ४६,९६,०२१ |

६३ **म्याद थप-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ मा खरिद सम्झौता र सो का शर्तहरुको व्यवस्था रहेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा सम्झौता कार्यान्वयन र नियम १२० मा खरिद सम्झौताको अवधि थप गर्न सकिने व्यवस्था छ । पालिकाले निम्नानुसारका योजनाको शुरु सम्झौताको १६ देखि १२५ प्रतिशत सम्म म्याद थप भएकोमा समेत लेखापरीक्षण अवधिसम्म पनि योजना सम्पन्न भएको पाईएन । योजना समयमै सम्पन्न गरी लागत घटाउने तथा सहज सेवा प्रवाह गराउनेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिएको छ ।

| ठेक्का न. | ठेक्का नाम | निर्माण कम्पनी | सम्झौता मिति | Intended Completion date | थप महिना | सूरु सम्झौताको थप अवधि % |
|---|---|---|---|---|---|---|
| RAK/BLDG/NCB-16/77-78 | Construction Of Chepang Museum | M/S Baniya - Sundar Nepal J.V | २०७८ साउन २० | २०७९ माघ १९ (१८ महिना) | १४ | ७७ प्रतिशत |
| RAK/ROAD/NCB-4/078-079 | Dungu Athare Dantar Sadak | M/S Kastamandap Aajiwan J.V | २०७८ पौष 21 | २०७९ पौष २० (१२ महिना) | १५ | १२५ प्रतिशत |
| RAK/BLDG/NCB-13/77-78 | Construction of Administrative Building | M/S Jayamata Engineering Construction Pvt. Ltd. | २०७८ असाढ १४ | ०८० असाढ १४ (२४ महिना) | ९ | ३७ प्रतिशत |
| RAK/BLDG/NCB-22/77-78 | Construction of 10 Bed Hospital | M/S Lama Baniya J V | २०७८ मंसिर २0 | ०८० मंसिर १९ (२४ महिना) | ४ | १६ प्रतिशत |
| RAK/ROAD/NCB-3/78/79 | Upgrading of Devitar Pangthali Silinge Sadak | M/S Shikhar Engieering Construction Pvt. Ltd. | २०७८ पौष २६ | २०७९ पौष २५ (१२ महिना) | १५ | १२५ प्रतिशत |

६४ **सोझै खरिद** - सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा सार्वजनिक निकायले वस्तु वा सेवा खरीद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरीद गर्नु हुदैन भन्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा रु. १० लाख रुपैया सम्मको खरीद कार्य सोझै गर्न सकिने रु. १० लाख भन्दा माथि रु.२० लाख सम्म शिलबन्दि दरभाउपत्रबाट र सो भन्दा माथि बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सिमाभन्दा बढिको खरिद गर्न नहुने एंवम एउटा आपूर्तिकर्तासँग एक पटकभन्दा बढि सोझै खरिद गर्न नहुने उल्लेख छ ।यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् ।

६४.१ **मर्मत कार्य** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९६(१) बमोजिम सार्वजनिक निकायमा रहेको कुनै मालसमान मर्मत सम्भार गर्नुपर्ने भए सोको लिखित जानकारी त्यस्तो मालसमान उपयोगकर्ताले सो निकायको प्रमुखलाई दिनु पर्नेछ । त्यसरी जानकारी प्राप्त भएपछि निजले नियम १३ को उपनियम (५) बमोजिम लागत अनुमान तयार गराई स्विकृत भएपछि मालसमानको मर्मत वर्कशप वा मर्मत केन्द्रबाट गरानुपर्दछ । यसरी मर्मत गराउदा ऐन र नियमावलीको प्रक्रिया अवलम्बन गरी खरिद गर्नुपर्ने उल्लेख छ ।पालिकाले देहायका मर्मत कार्य ऐन र नियमावलीमा भएको व्यवस्था बमोजिम प्रतिस्पर्धात्मक विधिबाट नगरी सोझै, पटक-पटक एउटै फर्मबाट खरिद कार्य गरेकोले खरिद कार्य नियम सम्मत देखिएन । यसमा सुधार हुनुपर्दछ ।

(पालिकामा पुराना सवारी साधन भएको र मर्मतको खर्च आकलन गर्न नसकिने भएकाले पटकपटक भुक्तानी भएको पालिकाले जनाएको छ )

| गो भौ नं मिति | खर्च शिर्षक | खर्च रकम | भुक्तानी लिएको फर्म |
|---|---|---|---|
| ३५-२०७९/६/१२ | सवारी साधन मर्मत खर्च | ५१२९०७ | हिमालयन मोटर्स प्रा लि |
| ९२-२०७९/८/१ | सवारी साधन मर्मत खर्च | २८३८८९ | हिमालयन मोटर्स प्रा लि |
| ९९-२०७९/८/७ | सवारी साधन मर्मत खर्च | ११४९२१ | हिमालयन मोटर्स प्रा लि |
| २१८-२०७९/१०/९ | सवारी साधन मर्मत खर्च | १४९१०३ | हिमालय मोटर्स प्रा लि |
| २५४-२०७९/१०/२६ | सवारी मर्मत खर्च र मेसिनरी औजार मर्मत सम्भार तथा सञ्चालन | ५१७३९१ | हिमालय मोटर्स प्रा लि |
| ३५२-२०७९/१२/१२ | सवारी साधन मर्मत खर्च | १९०००० | हिमालय मोटर्स प्रा लि |
| ४४३-२०८०/१/१७ | सवारी साधन मर्मत खर्च | २६७१५९ | हिमालय मोटर्स प्रा लि |
| ५२२-२०८०/३/४ | मेसिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन | २०१९८७ | हिमालय मोटर्स प्रा लि |

| | | | |
|---|---|---|---|
| ५७७-२०८०/३/४ | राक्सीराङ अस्पताल सवारी मर्मत ( एम्बुलेन्स मर्मत ) | २९१८७९ | हिमालय मोटर्स प्रा लि |
| ६१६-२०८०/३/४ | सवारी साधन मर्मत खर्च | २३७५८ | हिमालय मोटर्स प्रा लि |
| | जम्मा | २५२५४३५ | |

६४.२ **स्टेशनरी खरिद-** पालिकाले देहायका खरिद कार्य गर्दा एउटै फर्मसँग सोझै खरिद गरी भुक्तानि गरेको देखियो ।अतः प्रतिस्पर्धात्मक विधि नअपनाई सोझै खरीद गरेको कार्य नियम सम्मत नभएको रु.

| गो भौ नं मिति | खर्च शिर्षक | खर्च रकम | भुक्तानी लिएको फर्म |
|---|---|---|---|
| ४८-२०७९/६/१३ | कार्यालय सञ्चालन सम्बन्धी मसलन्द तथा कार्यालय सामाग्रि | ९४८८७ | कृतज्ञ सप्लायर्स |
| ७४-२०७९/११/४ | कार्यालय सञ्चालन सम्बन्धी मसलन्द तथा कार्यालय सामाग्रि | ९६८३७ | कृतज्ञ सप्लायर्स |
| ९८-२०७९/८/७ | कार्यालय सञ्चालन सम्बन्धी मसलन्द तथा कार्यालय सामाग्रि | ९८६२१ | कृतज्ञ सप्लायर्स |
| २०८-२०८०/३/१७ | कार्यालय सञ्चालन सम्बन्धी मसलन्द तथा कार्यालय सामाग्रि | १९९१९१ | कृतज्ञ सप्लायर्स |
| २६७-२०७९/११/४ | कार्यालय सञ्चालन सम्बन्धी मसलन्द तथा कार्यालय सामाग्रि | २८६५२४ | कृतज्ञ सप्लायर्स |
| ३०६-२०७९/११/२८ | कार्यालय सञ्चालन सम्बन्धी मसलन्द तथा कार्यालय सामाग्रि | ३८४६७९ | कृतज्ञ सप्लायर्स |
| ४६०-२०८०/२/३ | कार्यालय सञ्चालन सम्बन्धी मसलन्द तथा कार्यालय सामाग्रि | १९९१९१ | कृतज्ञ सप्लायर्स |
| | जम्मा | १३५९९३० | |

| | |
|---|---|
| अनियमित भएको | १३,५९,९३० |

६५ **धरौटी** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ६६(१) कार्यालयमा जम्मा गरेको धरौटी नियम ६५ वमोजिम राजश्व दाखिला नहुने भएमा त्यस्तो धरौटी रकम सम्बन्धित व्यक्तिले फिर्ता पाउने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारका फर्महरुको धरौटी फिर्ता दिँदा मु अ कर समायोजन पत्र र कर चुक्ता प्रमाण वेगर भुक्तानी दिएकोमा कर समायोजन पत्र पेश गर्नुपर्ने रु

| गो भौ नं | नाम | आ व | रकम | कैफियत |
|---|---|---|---|---|
| १०-२०८०/३/४ | अंकिता निर्माण सेवा | ०७६/०७७ | १९०५०० | करचुक्ताको प्रमाणपत्र तथा मु अ कर समायोजन पत्र नभएको |
| ११-२०८०/३/२० | भिजन ट्रेडिङ्ग नेपाल प्रा लि | ०७९/०८० | १७५००० | करचुक्ताको प्रमाणपत्र तथा मु अ कर समायोजन पत्र नभएको |
| | जम्मा | | ३६५५०० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,६५,५०० |

६६ **सामाजिक सुरक्षा**

६६.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मुल अभिलेख नियमावलीको अनुसुची ३ बमोजिम लक्षित समुह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानिय तह र प्रत्येक वडामा राख्नुपर्ने व्यवस्था भएता पनि पालिका र वडाले उक्त व्यवस्थाको कार्यान्वयन गरेको नदेखिदा अनिवार्य रुपमा लाभग्राहीको फोटो सहितको अभिलेख राख्नु पर्ने देखिन्छ।

६६.२ सोही कार्यविधिको दफा ११ मा लगत कट्टा गर्ने व्यवस्था भएता पनि प्रभावकारी रुपमा समयमै लगत कट्टा भएको नदेखिदा समयमै लगत कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ । दफा २३ र २६ मा बैंकले लाभग्राहीको बैंकको निश्क्रिय खाताको जानकारी प्रत्येक श्रावण महिना भित्र विभाग र महिना भित्र स्थानिय तहलाइ दिनुपर्ने साथै रकम नझिकेका लाभग्राहीको विवरण अनुसुची ११ बमोजिम ढाँचामा प्राप्त गरी स्थानिय तहले आवश्यक छानविन गरी कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नपाइएमा रकम फिर्ता गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको मा सो वमोजिम बैंकले जानकारी दिएको देखिएन साथै अनुसुची ११ बमोजिमको विवरण प्राप्त नहुँदा निश्क्रिय खाताको रकम एकिन गर्न तथा वढी भुक्तानीको गणना गर्न सकिएन ।

६६.३ सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५ सामाजिक सुरक्षा नियमावली २०७६, सामाजिक सुरक्षा भत्ता संचालन कार्यविधि २०७७ को प्रावधान वमोजिम गर्नु पर्ने

व्यवस्था छ ।यस पालिकालाइ सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकार बाट रु ८,८५,३३,९४४ बजेट प्राप्त भएकोमा रु ८,७५,९५,५६७ निकासा भइ बैंकले लाभग्राही खातामा दाखिला गरी बैंक खातामा रहेको मौज्दात रु ६,९५,०८७।९३ संघीय संचित कोषमा फिर्ता गरेको देखियो ।

६७ **एकै व्यक्तिलाई दोहोरो भुक्तानी दिएको -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या दोहोरिएको यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था रहेकोमा पालिकाले नागरिकता नं अद्यावधिक नगरी एउटै व्यक्तिको नाममा दोहोरो भुक्तानि गएको देखिन्छ । यसरी दोहोरो भुक्तानी गएको रकम असुल उपर गर्नुपर्ने रु

| परिचय पत्र नं | सा सु सदस्यता नं | नाम | जन्म मिति | ना प्र नं | प्राप्त गर्नुपर्ने | बुझेको | बढी वुझेको भत्ता रकम |
|---|---|---|---|---|---|---|---|
| २००७०५०१०५८१९ | ३१-४५५४९१०१९०२२०२५८ | प्रेम वहादुर प्रजा | ०१-०५-२००७ | १६६ | ४८००० | ८८००० | ४०००० |
| २००७०५०१०५८२७ | ३१-३५५४५१३१९०२२०२८१ | प्रेम वहादुर प्रजा | ०१-०५-२००७ | १६६ | | | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०,००० |

६८ **सुरक्षित नागरिक आवास कार्यक्रम -** सुरक्षित नागरिक आवास कार्यक्रम २०७५ को सि. न .५. मा पहिलो किस्ताको रकमवाट जस्तापाता र काठ लगायतको खरीद निर्माण कार्य सम्पन्न भएपछि दोश्रो किस्ता वापतको रकम भुक्तानी दिनु पर्ने व्यवस्था रहेको छ ।पालिकाले यस आ व मा छनौट भएका ११५ जना मध्ये ४६ जनालाई पहिलो र दोश्रो किस्ता वापत ३४५००००। ६९ जनालाई पहिलो किस्ता वापत ४५०००।का दरले ३१०५०००। गत आ व ३४ जनालाई रु ९१४००० गरी जम्मा रु ७४६९०००। खर्च भएको मा यस कार्यक्रममा रु ८०८९०४८।७५ खर्च गरेकोले वाकी रकम रु ६२००४८। कुन शीषकमा खर्च भएको हो सो को प्रमाण पेश हुनु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,२०,०४५ |

## अनुसूचीहरू

**अनुसूची - १**

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : राक्सिराङ्ग गाउँपालिका, मकवानपुर , रक्सिरंग गाउँपालिका , मकवानपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | देव चन्द्र गतौंला | २०७८-४-२० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सत्येन्द्र आचार्य | २०७९-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३,७३३,१६७ | ९,५५६,३९२ | १५,६९८,७३५ | ० | ० | १५,९७०,०३७ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ४४,९५८,३३१ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | २४,९११,४६८ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | २०,०४६,८६३ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ११६१९८०११.२५ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३३२०३६५०० | **चालु खर्च** | २८७४२८८०१ |
| **प्रदेश सरकारबाट अनुदान** | ८५७५८००० | **पूँजीगत खर्च** | २१७५५८८८१ |
| **राजश्व बाँडफाँट** | १४५४७९६९५ | **वित्तीय/अन्य व्यवस्था** | २२८१९०३८९ |
| **आन्तरिक आय** | १२००५३०० | | |
| **अन्य आय** | १५८१२४०७९ | | |
| **कुल आय** | ७३३४०३५७४ | **कुल खर्च** | ७३३१७८०७१ |
| **बाँकी मौज्दात** | | ११६४२३५१४.२५ | |